नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक ३२१ ● २०८० साल असोज १५ गते सोमबार ● Monday 02, October 2023 ● सूर्योदय: बिहान ५:५८ बजे ● सूर्यास्त: साँझ ५:५१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# प्रदेश सरकारको अवैध रकमान्तरण

# अर्थको असहयोगले छानबिनमा विलम्ब



**सुरेश यादव**
**जनकपुरधाम ।**

मधेशमा प्रदेश सरकारले अवैधानिकरुपमा रकमान्तरण गरेको आरोप लागेपछि प्रदेशसभाले छानबिन समिति गठन गरेपनि अर्थ मन्त्रालयको असहयोगको कारण प्रतिवेदन आउन ढिलाई भइरहेको छ ।

साउन एक गतेदेखि काम सुरु गरेको संसदीय विशेष छानबिन समितिलाई दुई महिनाको समय तोकिएको थियो । तर, यो अवधिमा समितिले काम सम्पन्न गर्न नसकेको भन्दै समय थपिदिन माग गरेपछि असोज मसान्तसम्मका लागि म्याद विस्तार गरिएको छ । अर्थ मन्त्रालयको असहयोगको कारण छानबिनको काम समयमै पुरा गर्न नसकेको समितिका संयोजकसमेत रहेका प्रदेश सांसद उपेन्द्र महतो बताउँछन् । उनका अनुसार भदौ मसान्तसम्मका लागि दिइएको समय अपुग भएपछि असोज मसान्तसम्मलाई प्रतिवेदन बुझाउन समितिलाई प्रदेशसभाले समय थपिदिएको छ । 'हामीले नै छानबिनको माग गरेपछि हो यो विशेष संसदीय समिति गठन भएको' समितिका संयोजक महतोले मधेशद्दष्टिसँग भने, 'साँच्चै भन्ने हो भने दुई महिना हाम्रो लागि काम गर्न पर्याप्त समय थियो । तर, एउटै निकायलाई पाँचपटक पत्र लेखे पनि विवरण नै उपलब्ध नगराइदिने अटेरीपनको कारण ढिलो हुँदै गयो ।' सुरुमा उपलब्ध गराइएको दुई महिनाको समय बित्न ६ दिनमात्र बाँकी रहँदा अर्थ मन्त्रालयबाट विवरण पाएको उल्लेख गर्दै संयोजक महतोले भने, 'ढिलो विवरण आयो । त्यो पनि पूर्ण आएन । त्यसैले प्रदेशसभासँग पहल गरेपछि एक महिनाको समय थप गरिएको छ ।' थपिएको समयसिमा अनुसार असोज मसान्तभित्र छानबिनको प्रतिवेदन संसदमा पेश गरिसक्नुपर्ने बताउँदै उनले यो अवधिमा प्रतिवेदन तयार हुने विश्वास व्यक्त गरे ।

## 'सिधै संसदमा पेश गर्छौँ'

अवैधानिक रुपले बजेट रकमान्तरणसम्बन्धी छानबिन समितिको प्रतिवेदन सिधै संसदमा पेश गरिने समितिका संयोजक महतोले जनाए ।

यसअघि धेरै विषयमा छानबिनका लागि विशेष समितिरु गठन भए पनि प्रतिवेदन सार्वजनिक नभएको र भित्रभित्रै गुमनाम भएको सन्दर्भ केलाउँदै उनले भने, 'असोज २१ गतेदेखि संसद चल्ने सम्भावना छ । संसद चलेको बेला त्यहीँबाट सार्वजनिक हुनेगरी प्रतिवेदन पेश गर्ने हाम्रो योजना छ ।'

## प्रारम्भिक अनुसन्धानले के भन्छ ?

आर्थिक वर्ष २०७९÷८० मा मधेश प्रदेश सरकारको अर्थ मन्त्रालयले गरेको रकमान्तरण अवैधानिक भएको भन्दै सांसदहरुले विरोध गरेपछि प्रदेशसभाले विशेष संसदीय छानबिन समिति गठन गरेको छ । समितिले करिब साढे दुई महिना लगाएर गरेको छानबिनको क्रममा बजेट रकमान्तरण प्रक्रियामा नियम, कानुनको धज्जी उडाइएको देखिएको छ । 'एकाध मात्र होइन, अर्थ मन्त्रालयले एउटा मन्त्रालयको बजेट काटेर अर्को मन्त्रालयमा गरेको रकमान्तरण र स्थानीय

बाँकी पृष्ठ २ मा

# हिन्दूराज्यका लागि तेस्रो जनआन्दोलन



**मधेशद्दष्टि**
**वीरगंज ।**

राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापाले सत्तापक्ष तथा विपक्ष राजनीतिक दलको चक्रव्युहबाट मुलुकलाई मुक्ति दिन राप्रपा आन्दोलनमा होमिएको बताएका छन् ।

राप्रपा नेपालद्वारा 'तेश्रो जनआन्दोलनका लागि तयारीमा जुटौँ' भन्ने नाराका साथ वीरगंजमा आयोजित आमसभालाई सम्बोधन गर्दै पार्टी अध्यक्ष थापाले विगत डेढ दशकदेखि ठूला चार दलले राज्यसत्ता कब्जा गर्दै आएको आरोप लगाए । उनले काम नपाएर आफूहरु तेश्रो जनआन्दोलनको तयारीमा नलागेको बताउँदै प्रमुख दलहरुले मुलुक कब्जा गरी मच्चाएको आतंक तथा वर्तमान संविधानमा कायम रहेका विकृति विसंगति हटाउन लागिपरेको बताए । उनले आफूहरुको आन्दोलन कुनै पार्टी र विचारविरुद्ध नभई देशमा कायम भ्रष्ट व्यवस्था, भ्रष्टतन्त्र र भ्रष्ट शासनविरुद्ध भएको दाबी गरे । उनले ठूला दलका २÷४ नेताले राज्यशक्ति दुरुपयोग गरी चुनाव जित्ने चक्रव्युह नतोडी मुलुकले निकास नपाउने बताउँदै न्यायपालिका, संवैधानिक अंग, शैक्षिक, स्वास्थ्य क्षेत्र र कुटनीतिक क्षेत्रमा कार्यकर्ता भर्ती गरेर राज्यसत्ता कब्जा भइरहेको आरोप लगाए ।

आम सभालाई सम्बोधन गर्दै राप्रपा नेपालका वरिष्ठ उपाध्यक्ष राजीव पराजुलीले राप्रपा नेपालले हिन्दू राष्ट्र, सुशासन र समृद्धिलाई पार्टीको मूल एजेन्डा बनाउँदै भ्रष्टाचारविरुद्ध तेश्रो जनआन्दोलनको तयारीमा आफूहरु लागेको बताए । उनले काठमाडौँपछि जनताको विश्वास जित्न राप्रपा वीरगंज आएको बताउदै वीरगंजमा भएको ऐतिहासिक क्रान्तिको परिणामस्वरुप देशमा प्रजातन्त्रको स्थापना भएको हुँदा वीरगंजवासीको सहयोग आफूहरुलाई अपरिहार्य भएको दाबी गरे । कार्यक्रममा बारा, पर्सा, रौतहटका स्थानीयको सहभागिता थियो ।

# घटस्थापनादेखि पाँचदिन रात्रीबजार लगाइने



**मधेशद्दष्टि**
**वीरगंज ।**

नेपालीको महान पर्व विजयादशीलाई लक्षित गर्दै वीरगंज महानगरपालिकाले घटस्थापनादेखि ५ दिन 'रात्रीबजार' सञ्चालन गर्ने भएको छ । चाडपर्व नजिकिँदै गरेको र मौसमसमेत सुधार भएकाले गएको दुई महिनादेखि रोकिएको 'रात्रीबजार' पुनः सञ्चालनको तयारी भएको हो । महानगरले यसपटकको 'रात्रीबजार' ५ दिन लगाउने तयारी गरिरहेको छ । दशैंको पहिलो दिन घटस्थापनाबाट सुरु गर्ने गरी मेला लगाउने तयारी गरेको वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले जानकारी दिए । उनले असोज २८ गते घटस्थापनाका दिनबाट वीरगंजको आदर्शनगरस्थित पुरानो बसपार्कमा सुरु हुने मेला कात्तिक २ गतेसम्म चल्ने बताए । यस्तै, महानगरले भारतबाट नेपाल प्रवेश गर्ने वीरगंजस्थित मुख्य नाका ५ दिनका लागि राति १२ बजेसम्म खुला रहने जनाएको छ । रात्रीबजारमा पर्यटक भित्र्याउन वीरगंज नाका राति १२ बजेसम्म खुला रहने महानगर प्रमुख सिंहले बताए ।

नेपाल–भारत सीमा नाका राति १० देखि बिहान ५ बजेसम्म दुवैतर्फ बन्द हुने गर्दछ । तर बजार लाग्ने ५ दिन नाका अबेर राति १२ बजेसम्म खुला राख्न महानगरले नेपाल र भारत दुवै देशका सीमावर्ती सुरक्षा निकायसँग सहमति लिइसकेको छ । महानगरभित्रको व्यापार व्यवसाय चलायमान बनाउन र पर्यटक भित्र्याउन महानगरले वैशाख महिनादेखि रात्रीबजार लगाउन सुरु गरेको हो । यसपटकको 'रात्रीबजार' दशैँका बेला परेकाले आमसर्वसाधारणलाई सहज हुने गरी सहुलियत दरको पसलसमेत सञ्चालन गर्ने तयारी महानगरले गरेको छ । त्यसका लागि घरेलु तथा साना उद्योगसँग सहकार्य गरिएको छ । दशैँ लक्षित रात्रीबजारमा खानाका विशेष परिकार, लत्ताकपडा, कस्मेटिक, भाडाँकुडालगायतका

बाँकी पृष्ठ २ मा

# राजधानीभित्रैको सरकारी स्कुलः पढ्ने दश, पढाउने आठ




**प्रमोद कुमार साह**
**जनकपुरधाम ।**

हुन तः आफना विभिन्न माग पूरा गराउन शिक्षक आन्दोलित थिए, माग पूरा पनि गराए तर सामुदायिक विद्यालयका केही शिक्षकको चर्तिकलाले सामुदायिक विद्यालयको गुणस्तरप्रति आमजनताको विश्वास घट्दै गइरहेकामा दुईमत छैन ।

सामुदायिकमा विद्यार्थी आउनै छाडे तर शिक्षकचाहिँ त्यसको चिन्ता लिनु भन्दा आउने, हाजिरी गर्ने, ठूला कुरा गर्ने र फर्किने परिपाटीलाई दैनिकी बनाइरहेका छन् । खासगरी मधेशको शैक्षिक अवस्था दुर्गतितिर लम्किरहेकामा शिक्षककै कमजोरी देख्न सकिन्छ । शिक्षककै कारण मधेश प्रदेशको राजधानी जनकपुरधाममै यति धेरै सामुदायिक विद्यालयको अवस्था दयनीय हुँदै छ कि, एउटा पनि विद्यार्थी तर सातजना शिक्षक भएको विद्यालयको कथा तपाईंलाई प्रस्तुत गरिरहेका छौँ ।

जनकपुरधाम–१ स्थित मिथिला विहारी विद्यालयको प्रसंग हो यो । करिब दश वर्षदेखि विद्यार्थीविहीन विद्यालयको विद्यार्थी हाजिरी रजिष्टरमा विद्यार्थी भएको उल्लेख छ, जनकपुरधाम उपमहानगरपालिकासँग रहेको तथ्यांकमा १ सय ५० विद्यार्थी उल्लेख छ तर वास्तविकतामा चाहिँ विद्यार्थी त्यहाँ अध्यनरत नरहेको पाइएको भन्दा तपाईं सुरुमा त पत्याउनु हुन्न होला । तर हामी तथ्य प्रस्तुत गर्दै जानेछौँ, अनि अन्त्यमा तपाईं भन्नुहुनेछ, 'ओहो, राजनधानी जनकपुरमै यस्ता विद्यालय छन् ?'

विद्यालयकी प्रधानाध्यापक गीता यादव विद्यार्थी नभएको या विद्यालयबारे कुरा नै गर्न चाहँदिनन् । जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १ पुलचोकस्थित मिथिला विहारी राष्ट्रिय प्राथमिक विद्यालयमा विद्यार्थीका तुलनामा शिक्षक धेरै छन् । विद्यालयमा कक्षा ५ सम्म पढाइ हुन्छ । विद्यालयको हाजिरीमा १ सय ५० विद्यार्थीको नाम पनि छ । तर यो सब कागजमा मात्रै सीमित छ । विद्यालयको हाजिरीमा १ सय ५० विद्यार्थीको नाम भए पनि दैनिक दशजना पनि विद्यालय पुग्दैनन् ।

**नेपालको शिक्षा नियमावलीले विद्यार्थी शिक्षक अनुपात**

हिमालमा ४० विद्यार्थी बराबर १ शिक्षक, पहाडमा ४५ विद्यार्थी बराबर १ शिक्षक र मधेशका तथा उपत्यकामा ५० विद्यार्थी बराबर १ शिक्षक हुनुपर्ने व्यवस्था गरेको छ । नियमावलीमा प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा दुई र सोभन्दा बढी विद्यार्थी भए कम्तीमा तीन, निम्न माध्यमिक विद्यालयमा चार र कक्षा १ देखि ८ सम्म सञ्चालन भएको विद्यालयमा कम्तीमा सात शिक्षक

बाँकी पृष्ठ २ मा

भर्ना खुल्यो! भर्ना खुल्यो!! भर्ना खुल्यो!!!

नेपाल सरकारको CTEVT द्वारा सम्बन्धन तथा मान्यता प्राप्त यस

राम जानकी टेक्निकल इन्ष्टिच्युट प्रा. लि.

मा निम्न कार्यक्रमहरु शैक्षिक सत्र २०८०।८१ को भर्नाका लागि लिइने पुनः प्रवेश परीक्षा (Entrance) को फारम वितरण भइरहेको सहर्ष जानकारी गराउँदछौं ।

फारम वितरण :-
मिति: २०८०।०६।१८ गतेसम्म
प्रवेश परीक्षा मिति :
२०८०।०६।२० गते
बिहान ८:०० बजे

कार्यक्रम :-
१) मेडिकल ल्याब टेक्नोलोजी (CMLT) - ३ वर्ष
२) प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ - १८ महिने
३) प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ - १८ महिने

सम्पर्क स्थान :
राम जानकी टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
क्याम्पस चौक, पिरडिया माई मन्दिरको पूर्वपट्टी, जनकपुरधाम–४
सम्पर्क नं.–९८४४०२०८८८, ९८४४०९९९२५ र ९८००८४३०१३

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

चलै चलु चलै चलु चलै चलु आसीन १६ गते
शहिदनगर नगरपालिकाके यदुकोहा चलै चलु

नेकपा (एस) के अध्यक्ष तथा पूर्व प्रधानमन्त्री कमरेड माधव कुमार नेपाल तथा पूर्व प्रधानमन्त्री कमरेड झलनाथ खनाल लगायत सयौं नेता कमरेड सभके स्वागतक लेल विशाल आम सभा तथा पार्टी प्रवेस कार्यक्रममे सहभागी भेल जाउ

सुशासन, रोजगारी र समृद्धिका लागि

समाजवादी जागरण अभियान-२०८०

आम सभा तथा पार्टी प्रवेश कार्यक्रम

२०८० असोज १६ गते, शहिदनगर न.पा., यदुकुहा, धनुषा

# सिर्सिया प्रदूषण गर्नेलाई कारबाही गरिने

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले सिर्सिया नदी प्रदूषण नरोकिएको भन्दै लापरवाही गर्ने उद्योगलाई कारबाही गर्ने चेतावनी दिएको छ ।
वीरगंज महानगरपालिकाका प्रशासन तथा व्यवस्थापन महाशाखाका प्रमुख राजकृष्ण ताम्राकारले आइतबार सूचना गरी गर्दै सिर्सिया नदी प्रदूषण नियन्त्रणका लागि वीरगंज महानगरपालिकाले नियमित रुपमा अनुगमन, नियन्त्रण र कारबाहीसमेत गर्दै आएको जनाएको छ ।
सिर्सिया नदीमा प्रदूषण हुँदा लामो समयदेखि पर्यावरणीय समस्या उत्पन्न तथा नेपाल र भारततर्फ दुवै देशका नागरिकको साझा समस्याको रुपमा प्रदूषण रहेको हुँदा विगतमा सिर्सिया नदीमा प्रदूषण गर्ने ५ वटा उद्योगलाई ३–३ लाख रुपैयाँ जरिवाना गरिएको अवस्थामा पनि अझै केही उद्योगले प्रदूषण कायमै राखेको हुँदा असोज २६ गतेभित्र नदी प्रदूषण कार्य नियन्त्रण नगरे वीरगंज महानगरपालिकाले वातावरण तथा प्राकृतिक श्रोत संरक्षण गर्न बनेको ऐन २०७७ अन्तर्गत कारबाही गर्ने चेतावनी महानगरपालिकाद्वारा जारी सूचनामा दिइएको छ ।

# महसुल नबुझाउने ग्राहक कालोसूचीमा

**कालोसूचीमा रहेका ग्राहकबाट सात करोड ६५ लाख ५६ हजार सात सय ६३ रुपैयाँ बक्यौता रकम उठाउन बाँकी छ ।- अवधेश दुबे, कार्यालय प्रमुख**

**रासस**
**वीरगंज ।**
लामो समयदेखि विद्युत् महसुल नबुझाउने एक हजार आठ सय २३ ग्राहकलाई कालोसूचीमा राखी कारबाही प्रक्रिया अघि बढाएको छ ।
विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगंजले विद्युत् उपभोग गरे पनि लामो समयसम्म महसुल नबुझाउने ग्राहकलाई कालोसूचीमा राखेर बक्यौता असुल्न कारबाही अघि बढाइएकोे हो ।
कार्यालय प्रमुख अवधेश दुबेका अनुसार कालोसूचीमा रहेका ग्राहकको तीनपुस्ते विवरण यकिन गर्न कर्मचारीको टोली परिचालन गरिएको छ । टोलीले यकिन गरेपछि ग्राहकमाथि थप कारबाही अघि बढाइने प्रमुख दुबेले बताए । कालोसूचीमा रहेका ग्राहकबाट सात करोड ६५ लाख ५६ हजार सात सय ६३ रुपैयाँ बक्यौता रकम उठाउन बाँकी रहेको कार्यालय प्रमुख दुबेको भनाइ छ ।
लामो समयदेखि वर्षा नहुनु, बढ्दो गर्मी र पर्सा–बारा करिडोरका औद्योगिक क्षेत्रका उद्योगमा विगतको भन्दा कम विद्युत्को उपयोग हुनुजस्ता कारणले आर्थिक वर्ष २०७९÷८० मा विद्युत् चुहावट शून्य दशमलव पाँच प्रतिशतले बढेको छ ।
गत आव २०७८÷७९ मा विद्युत् चुहावट चार दशमलव ९८ प्रतिशत रहेकामा आव २०७९÷८० मा पाँच दशमवल ०३ प्रतिशत विद्युत् चुहावट भएको प्रमुख दुबेले जानकारी दिए । उनका अनुसार आव २०७९÷८० मा विद्युत् महसुल नबुझाउने दुई हजार चार सय ६८ ग्राहकको विद्युत् लाइन काट्दा एक हजार नौ सय छ ग्राहकबाट रु ११ करोड ४० लाख ७२ हजार छ सय १५ बाँकी बक्यौता रकम असुली भएको विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगंजका इन्जिनियर निर्मला फौजदारले बताइन । त्यस्तै यस अवधिमा हुकिङ गरी विद्युत् चुहावट गर्ने ७१ जनालाई पक्राउ गरी जरिवानाबापत रु १२ लाख २४ हजार सात सय २४ राजस्व सङ्कलन भएको इन्जिनियर फौजदारले जानकारी दिइन् ।
आव २०७९÷८० मा दुई हजार चार सय ४२ नयाँ ग्राहक थपिएको छ । यो सँगै वीरगंज क्षेत्रमा ग्राहकको सङ्ख्या ५४ हजार दुई सय तीन पुगेको विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगंजले जनाएको छ ।

## प्रदेश सरकारको अवैध ..................

तहलाई उपलब्ध गराइएको विभिन्न अनुदान शीर्षकमा धेरै लापरवाही भएको देखिन्छ,’ विशेष संसदीय छानबिन समितिका एक सदस्यले भने । प्रतिवेदन सार्वजनिक नहुँदैन छानबिनमा देखिएको विषय सार्वजनिक गर्न नमिल्ने बताउँदै ती सदस्यले भने, ‘नियम र विधि एउटा छ । काम अर्कै तरिकाले भएको देखियो । पालिकाहरुलाई अनुदानको रकम पठाउँदा पनि मन्त्रीले मनपरी गरेको देखिन्छ ।’
छानबिन सुरु गर्नु अघि समान्य रुपमा देखिए पनि काम गर्दै जाँदा धेरै गल्ती देखिन थालेको ती सदस्यले बताए । ‘स्थानीय तहलाई अनुदान बजेट पठाउन अर्थ मन्त्रीको संयोजकत्वमा समिति नै बनेको छ । समितिले गरेको निर्णयपुस्तिकामा जुन पालिकालाई दुई करोड रुपैयाँ पठाउने भनिएको छ, त्यही पालिकालाई तीन करोड रुपैयाँसम्म पठाइएको तथ्याङ्क कोष तथा लेखा नियन्त्रण कार्यालयबाट भेटिएको छ,’ उनले मधेशदृष्टिसँग भने । प्रदेश सरकारले स्थानीय तहलाई दिने सशर्त अनुदानको सिलिङअनुसार उपमहानगरपालिकालाई कम्तीमा ५० लाख र नगरपालिकालाई न्युन्तम २५ लाख रुपैयाँको योजना दिनुपर्ने प्रावधान रहेको उनले बताए । तर, उपमहानगरपालिका २० देखि २५ लाख र नगरपालिकामा १०, १५ लाखको योजना पनि दिइएको छानबिनक्रममा देखिइरहेको बताउँदै उनले भने, ‘यस्ता थुप्रै कमजोरी भेटिएको छ ।’ यतिमात्र नभएर यस प्रदेशका एकसय ३६ मध्ये ६ वटा पालिकालाई कुनै पनि अनुदान उपलब्ध नगराइएको छानबिनक्रममा भेटिएको उनले जानकारी दिए । ‘ती पालिकाहरुले माग नै नगरेको हो कि भन्ने लागेको थियो,’ उनले भने, ‘मन्त्रालय र पालिकासँग माग गरेको कागजात अध्ययन गर्दै जाँदा माग भएको पालिकामा पनि सशर्त, समपूरक तथा सामान्यीकरण मध्ये कुनै अनुदान नै नपठाइएको देखियो । यसले के देखिन्छ भने बार्गेनिङ गर्न नजानेको पालिकालाई वास्तै गरिएन जस्तो छ ।’

## घटस्थापनादेखि...

सरसामानका स्टलसहित दैनिक उपभोग्य बस्तुसमेत राखिनेछ । महानगरले ‘रात्रीबजार’ सञ्चालनका लागि विभिन्न संघसंस्थासँग समेत सहकार्य गरेको छ । घरेलु तथा साना उद्योग, ग्रिनसिटी सामुदायिक सेवा प्रहरी केन्द्र, एनवाइइएफ, वीरगंज साइकलिङ क्लब, ओमेन्स क्रिएसन र फोरजीआरसँगको समन्वयमा महानगरले दशैँ लक्षित रात्रीबजार लगाउन लागेको हो ।
रात्रीबजारमा लगाइने स्टल बुकिङ खुला गरिएको पनि ग्रिनसिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले बताए । आदर्शनगरस्थित पुरानो बसपार्कमा करिब १ सय स्टल लगाउने गरी तयारी गरिएको हो । प्रतिस्टल २ हजार रुपैयाँ शुल्क राखिएको एनवाइइएफ वीरगंजका संस्थापक अध्यक्ष अनुप अग्रवालले जानकारी दिए ।

## राजधानीभित्रैको सरकारी ......................

रहने व्यवस्था छ । विद्यालयमा ९ जना कार्यरत रहेकामा ४ दरबन्दी, २ राहत कोटा र २ बाल विकास गरी ८ शिक्षक छन् र एक जना कार्यालय सहयोगीसमेत छन् ।
**भवन भत्कियो, हाजिरी गरेर फर्कियो**
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १ र १६ को सीमामा पर्ने विद्यालयको बगलमा जलाद पुल छ । जुन हुलाकी सडकमा परेसँगै पुल पुनः निमार्णका लागि भत्काइयो । ६ महिना पहिले बाढी आउँदा पुल नभएका कारण जीर्ण विद्यालयलाई पनि बाढीले बगायो । बाढीमा विद्यालयको भएभरको तीनवटा कोठानै क्षत्विक्षत् भयो । यता विद्यालयको भवन नहुँदा पढ्नका लागि आउने आठ नौ विद्यार्थीको पढाई पनि विगत ६ महिनादेखि रोकिएको छ । पुलचोकमा गरिबको ठूलै बस्ती भएकाले त्यस्ता अभिभावकले आफ्ना बालबच्चा सोही विद्यालयमा अध्यापन गराउँदै आएका थिए । तर विद्यालय भवन नै भत्किएपछि पढाइलेखाई गराउन पाएका छैनन् ।
यता विद्यालय पुनः निर्माणका लागि पहल किन नगरेको भनेर वडा नम्बर १ का कार्यबाहक अध्यक्ष मनोज पुर्वेसँग प्रश्न गर्दा उनले जनकपुरधाम उपमहानगरपालिका कार्यपालिकामा पटकपटक पत्र पठाउदा पनि कार्यान्वयन नगर्दा ढिलाइ भएको बताए । उनले भने, ‘जेठ २१ गते नै पुल निर्माणको क्रममा विद्यालयको तीनवटा कोठासहितको पक्की भवन भत्किएकाले क्षतिपूर्तिका लागि पहलका साथ विद्यालय पुनःनिर्माणका लागि पहल गर्न जनकपुरधाम उपमहानगरपालिकामा पत्र पठाएको छ ।’ उनले भने, ‘४ महिना बितिसक्दासमेत विद्यार्थीको भविष्यमाथि खेलवाड भइरहेको छ ।’
यता शिक्षास्थल पुनःनिमार्णका लागि किन अटेर गरिएको भनेर जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर किशोरी साहसँग प्रश्न गर्दा उनले विद्यालयको बगलमै पुल निर्माणको काम चलिरहेकाले विद्यालय पुनःनिर्माणको काम गर्न नसकिने भएकाले पुल निर्माणका साथै विद्यालय पुनःनिर्माणको काम गरिने बताए ।
हुन तः जनकपुरधाम उपमहानगरपालिकाको जवाफ जेजस्तो भए पनि विद्यालयको विद्यार्थीलाई तत्काल कहाँ पठाउने भनेर केही निर्णय भएको छैन । यहाँसम्म कि विद्यालयमा कार्यरत आठ शिक्षिका विद्यालय र विद्यार्थी नै नभए पनि दैनिक हाजिरी गरेर फर्किने गरेका छन् । विद्यालय पुनःनिर्माण हुँदासम्मका लागि शिक्षिकालाई अर्कै विद्यालयमा काजमा खटाउनेसम्म निर्णय गरिएको छैन ।
**प्रधानअध्यापक सरुवाको निर्णय अटेर**
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १ का अध्यक्ष दीपनारायण यादवको अगुवाईमा वैशाख २१ गते मिथिला विहारी राप्राविको प्रधानाध्यापक गीता यादवलाई सरुवा गर्न वडा समितिको बैठक बसेर निर्णय गरी उपमहानगरपालिकालाई जेठ १७ गते पत्र पठाइयो । तर कार्यान्वयन भएको छैन । वडा कार्यालयले लेखेको पत्रमा विद्यालयकी प्रधानाध्यापक यादवले नियमानुसार गर्नुपर्ने पठनपाठन नगराएकाले कारबाही गरी सरुवा गर्ने निर्णय भएकाले बैठकको निर्णय कार्यान्वयन गराउन पत्रमा अनुरोध गरिएको छ । पत्र पठाएको चार महिना भइसक्दा पनि कार्यान्वयन पक्षमा जनकपुरधाम उपमहानगरपालिका सक्रिय नदेखिएको वडाका कार्यबाहक अध्यक्ष पुर्वेले बताए । यसभन्दा पहिले व्यापक गुनासो र विद्यालयको विषयमा बेथिति बढ्न थालेपछि पहिलेका मेयर लालकिशोर साहले मिथिला विहारी राप्राविलाई खारेज नै गरिदिएका थिए तर गरिबका लागि सामुदायिक विद्यालयका रुपमा एकमात्र विद्यालय रहेकाले स्थानीयले विद्यालय खारेजी नगर्न निवेदन दिएपछि विद्यालय खारेजी प्रक्रिया रोकिएको हो ।

# ‘जनताका कुरा सुन्न र समाधान गर्न जागरण अभियान’

***एकीकृत समाजवादी जागरण अभियान २०८० मेची–महाकाली यात्राको उद्घाटन गर्दै उनले युवालाई उत्पादनसँग जोडेर स्वरोजगार बनाउने, भ्रष्टाचार नियन्त्रण गर्ने र मुलुकमा सुशासन कायम गर्ने मुख्य ध्येयले जागरण अभियान सुरु गरिएको हो ।***



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा ९एकीकृत समाजवादी० पार्टीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले जनताको कुरा प्रत्यक्ष सुन्न र राज्यको निकायसम्म पुर्याएर समस्या समाधान गर्ने उद्देश्यले ‘एकीकृत समाजवादी जागरण अभियान’ सुरु गरिएको बताएका छन् ।
पूर्वी नाका काँकरभिट्टाबाट आइतबारदेखि सुरु गरिएको एकीकृत समाजवादी जागरण अभियान २०८०
मेची–महाकाली यात्राको उद्घाटन गर्दै उनले युवालाई उत्पादनसँग जोडेर स्वरोजगार बनाउने, भ्रष्टाचार नियन्त्रण गर्ने र मुलुकमा सुशासन कायम गर्ने मुख्य ध्येयले जागरण अभियान सुरु गरिएको बताए ।
जनताको चाहना र भावनालाई सम्बोधन गरी विशाल हृदयका साथ सबैलाई साथमा लिएर एकताबद्ध बनाएर अगाडि बढ्ने पक्ष उनको भनाइ थियो ।
अध्यक्ष नेपालले भने, ‘समाजवादी जागरण अभियानमार्फत देशभक्तिको झन्डा फहाराउने, लोकतन्त्रको आवाज बुलन्द गर्ने, गणतन्त्र रक्षाका निम्ति लड्ने र संविधानलाई बलियो बनाउनका लागि जनतामा जागरण पैदा गर्नेछौँ ।’
देशमा भ्रष्टाचारजन्य क्रियाकलाप बढिरहेको र जनताको समस्यालाई बेवास्ता गर्ने प्रवृत्ति विभिन्न पार्टीहरूमा हुर्किरहेकाले यसको अन्त्य गर्न आवश्यक रहेको उनको धारणा थियो ।
उनले राष्ट्रिय पूँजीको विकास गरी मुलुकमा कृषिजन्य उद्योगहरू खोल्न सके युवाहरूमा रोजगारीको सिर्जना गर्न सकिने सम्भावना प्रशस्त भएको बताए ।
कार्यक्रममा पार्टीका वरिष्ठ नेता झलनाथ खनालले अनेकौँ व्यवस्था बदलिए पनि जनताको अवस्था नबदलिएका कारण पार्टीले अभियान सुरु गरेको बताए । उनले मुलुकमा राजनीतिक क्षेत्र दिशाहीन हुँँदै जाँदा व्यापार घाटा बढ्नाका साथै महँगी बढेर देशमा आर्थिक सङ्कट चरम रूपमा पुग्दासमेत सरकारले नियन्त्रण गर्न नसकेको गुनासो गरे ।
उनले वर्तमान अवस्थामा राष्ट्रियता नै ठूलो सङ्कटमा गुज्रिएको, विदेशी हस्तक्षेप बढेको, देशको सिमानाको संरक्षण गर्न नसक्ने अवस्थामा सरकार पुगेको बताए । वरिष्ठ नेता खनालले पार्टी र जनतालाई बलियो बनाउने विश्वासका साथ अभियान सञ्चालन गरिएको बताए ।
पार्टीका महासचिव घनश्याम भुसालले मुलुकमा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक सङ्कट चुलिँदै गएको अवस्थामा पार्टीले आयोजना गरेको अभियानले नयाँ दिशानिर्देश गर्न सक्ने बताए ।
उनले अभियान एकरदुई दिनको मात्र नभएर युवालाई यही मुलुकमा रोजगारी सिर्जना नभएसम्म जारी रहने बताए ।
उनले यात्राकै कारण मुलुकमा कुनै पनि सदस्यलाई भविष्यमा भ्रष्ट र गैरजिम्मेवार हुनबाट रोक्ने समेत विश्वास व्यक्त गरे ।
महासचिव भुसालले पहिलो चरणमा मेचीबाट सुरु गरिएको अभियान सुर्खेत पुगेर यही असोज २९ गते सकिने जानकारी दिए । एक हजार दुई सय किलोमिटरको यात्रामा प्रत्यक्षरूपमा जनताको समस्या बुझ्ने र सम्वादको माध्यमबाट युवालाई कार्यक्रम बनाएर रोजगारीतर्फ लैजाने उनको भनाइ छ ।
कार्यक्रम सुरु हुनुअघि विभिन्न जातजातिका झाँकीसहित निकालिएको र्यालीले काँकरभिट्टा बजार परिक्रमा गरेको थियो । कार्यक्रममा पार्टीका उपाध्यक्ष, सचिव, केन्द्रीय सदस्य, पोलिटब्यूरो सदस्यको सहभागिता रहेको थियो ।

# जलहरीको सुन भ्रष्टाचारमा मुद्दा दायर

**मधेशदृष्टि**
**वीरगंज ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पशुपतिनाथ मन्दिरमा राखिएको जलहरीमा भ्रष्टाचार भएको ठहर गर्दै मुद्दा दायर गरेको छ । पशुपति क्षेत्र विकास कोषका तत्कालीन सदस्य सचिव डा. प्रदीप ढकाल र कोषका तत्कालीन कोषाध्यक्ष तथा अहिलेका सदस्य सचिव डा. मिलनकुमार थापासहित तीनजनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए ।
ढकाल र थापाले जलहरी राख्ने क्रममा एक किलो ४ सय ९१ दशमलव ७१८ ग्राम सुन हिनामिना गरेको भन्दै त्यसबापतको एक करोड १७ लाख १ हजार ७८१ रुपैयाँ ८५ पैसा भ्रष्टाचार गरेको अख्तियारले आरोप लगाएको हो । यस्तै, अख्तियारले पशुपति क्षेत्र विकास कोषका तत्कालीन बिशेष नाइके अर्थात् स्टोरकिपर अरुणकुमार श्रेष्ठविरुद्ध पनि विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । श्रेष्ठले सुनको अभिलेख पारदर्शी रूपमा नराखेको अख्तियारको आरोप छ ।

# चार किलो सुन बरामद

**मधेशदृष्टि**
**दोलखा ।**
प्रहरीले थप चार किलो सुन बरामद गरेको छ । बिगु गाउँपालिका–१ लामाबगरबाट आइतबार ढुङ्गामुनि लुकाइरहेको अवस्थामा चार किलो सुन बरामद भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।
यसअघि बुधवार राति तीन किलो र शुक्रबार चार किलो सुन बरामद भएको थियो । योसँगै दोलखाबाट पछिल्लो पाँच दिनमा ११ किलो सुन बरामद भएको छ ।
गएको बुधबार र शुक्रबार बरामद भएको तस्करीको सुनको अनुसन्धान गर्दै जाँदा थप चार किलो सुन भेटिएको प्रहरीको भनाइ छ । चीनसँगको फलेक नाका बन्द भए पनि यो सुन फलेक नाकाबाटै तस्करी भएको हुनसक्ने प्रहरीले अनुमान गरेको छ ।
यसअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट तस्करी हुँदै आएकामा अब तस्करले दोलखा र रसुवाका विभिन्न नाका प्रयोग गर्न थालेका प्रहरीले जनाएको छ । भदौ र यो असोज महिनामा रसुवाबाट पनि चार किलो सुन बरामद भइसकेको छ ।

# तीन सय समूह भारतको आध्यात्मिक र कृषि भ्रमणमा

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
शनिबार धनुषाको बेल्हीबाट तीन सय जनाको समूह भारत, बिहारको देवघर, बासुकीनाथ, राजगीर, गयाका लागि प्रस्थान गरेको छ ।
साइट नेपाल र जननीको सहकार्यमा निस्किएको समूहलाई साइट एण्ड जननी डेरीका अध्यक्ष अमितकुमार साहले झण्डा हल्लाएर बिदाई गरेका थिए । आध्यात्मिक तथा कृषि भ्रमणमा निस्किएको समूहले राजेन्द्र कृषि विश्वविद्यालय पुसा तथा कृषि विज्ञान केन्द्र बसैठचानपुरामा आधुनिक कृषि मिलेट बाली तथा तरकारी तथा फलफूल खेतीबारे कृषि वैज्ञानिकबाट जानकारी लिने र स्थलगत अवलोकन गर्नेछ । आध्यात्मिक र कृषि भ्रमणमा महिलालाई प्राथमिकता दिइएको छ ।

# रक्तचन्दसहित आठ जना समातिए

**मधेशदृष्टि**
**कपिलवस्तु ।**
जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले आइतबार बिहान साढे छ क्विन्टल रक्तचन्दन बरामद गरेको छ ।
रक्तचन्दनसहित आठ जनालाई प्रहरीले नियन्त्रणमा लिएको कपिलवस्तुका प्रहरी उपरीक्षक नवरत्न पौडेलले जानकारी दिए ।
शिवराज नगरपालिका–३ का टीकाराम पाण्डे, शिव भर, विकास पौडेल, सतिस पन्त, राम सेवक चौधरी, दीपक कार्की तथा अर्घाखाँची, पाणिनी गाउँपालिका–७ का गोकुल दर्लामी र मालारानी गाउँपालिका–३ का नीमबहादुर नेपाली पक्राउ परेको प्रहरी उपरीक्षक पौडेलले जानकारी दिए ।
अर्घाखाँचीबाट कपिलवस्तु ल्याउँदै गरेको छ सय ५३ किलो एक सय ५० ग्राम रक्तचन्दन बुद्धभूमि नगरपालिका–१ पत्थरकोटबाट नियन्त्रणमा लिइएको कपिलवस्तुका प्रहरी नायब उपरीक्षक गङ्गाबहादुर थापाले जानकारी दिए ।

# डाक्टर कुट्ने दुई पक्राउ

मधेशदृष्टि
काठमाडौँ ।
सिनामंगलस्थित काठमाडौँ मेडिकल कलेजमा इन्टर्न डाक्टरमाथि हातपात भएको विरोधमा त्यहाँका चिकित्सक प्रदर्शनमा उत्रिएका छन् । उनीहरुले काम बन्द गरेर अस्पताल अगाडि सडकमा धर्ना दिएका छन् ।
मिर्गौला रोगको परीक्षणका लागि बहिरंग सेवा (ओपिडी)मा आएका बिरामीले आइतबार दिउँसो साढे १२ बजेतिर इन्टर्न डाक्टर मनिष खड्कामाथि आक्रमण गरेको अस्पताल प्रबन्धक नारायणप्रसाद दाहालले जानकारी दिए । घटनामा संलग्न आरोपमा प्रहरीले रुपक गौतम र सरोज गौतमलाई पक्राउ गरेको छ ।
डाक्टरहरुले आफूहरूको सुरक्षा र कुटपिटमा संलग्नलाई कारबाही माग राखेका छन् ।

# इन्धनको मूल्यवृद्धि फिर्ता




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता लिएको छ ।
आइतबार बसेको मन्त्रिपरिषद् बैठकले चाडबाडको बेलामा मूल्यवृद्धि गर्नु अनुचित भएको भन्दै निगमलाई फिर्ता लिन निर्देशन दिएको थियो । त्यही निर्देशनअनुसार निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता लिएको हो । अहिलेको मूल्यवृद्धिलाई मूल्य स्थिरीकरण कोष तथा नेपाल सरकारबाट प्राप्त हुने रकमबाट समायोजन गर्ने गरी आइतबार राति १२ बजेदेखि लागू हुने गरी मूल्यवृद्धि फिर्ता गर्ने निर्णय लिइएको निगमले जनाएको छ ।
निगमले शनिबार पेट्रोल लिटरमा २ रुपैयाँ र डिजेल तथा मट्टितेल लिटरमा ६ रुपैयाँ बढाएको थियो । त्यस्तै, खाना पकाउने ग्यासको मूल्य प्रतिसिलिन्डर २ सय १५ रुपैयाँले बढाएको थियो । निगमले हवाई इन्धन आन्तरिक र अन्तर्राष्ट्रिय दुवैमा प्रतिलिटर ८ रुपैयाँ बढाएको थियो ।
यसैबीच, प्रधानमन्त्री पुष्पकमल दाहाल ’प्रचण्ड’ले चाडबाड र आम उपभोक्ताको हितलाई ध्यानमा राखेर आफूले पेट्रोलियम पदार्थको गरिएको मूल्यवृद्धि फिर्ता लिने निर्णय लिएको बताए ।
आइतबार प्रतिनिधिसभा बैठकमा बोल्दै उनले आफूलाई नेपाल आयल नियमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको थाहा नभएको उल्लेख गर्दै त्यसलाई तत्काल फिर्ता लिन निर्देशन दिनुपरेको स्पष्ट पारे ।
उनले अटोप्राइसमा जाने निगमको निर्णय जनताको पीरमर्का, भावना र आवश्यकता विपरीत रहेकाले आफूले निर्णय फिर्ता गराएको स्पष्ट पारे ।
प्रधानमन्त्री दाहालले नेपाल आयल निगम स्वतन्त्र निकाय नभएकाले उसले सरकारको निर्देशनअनुसार काम गर्ने पनि बताए ।

# दुई हजारका नोट फिर्ता गर्न म्याद थप



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतीय रिजर्भ बैंकले भारु दुई हजारको नोट साट्ने समयावधि एक साता थप गरेको छ ।
भारतीय रिजर्व बैंकले चलनचल्तीमा रहेको भारु दुई हजारको नोटलाई बैंकमा फर्काउने नीति लिएको हो ।
नोटलाई बैंकमा जम्मा गराउन वा साटेर अर्को नोट लिनलाई यसअघि सेप्टेम्बर ३० तारिखसम्मको समय दिइएको थियो ।
शनिबार जारी सूचनाअनुसार उक्त अवधिलाई अक्टोबर ७ सम्म बढाइएको हो । भारतीय रिजर्व बैंकले गत १९ मेमा सूचना जारी गरेर दुई हजारको नोटलाई बजारबाट फिर्ता लिने निर्णय सार्वजनिक गरेको थियो । त्यसका लागि चार महिना बढीको अवधि दिएको थियो ।
अहिलेसम्म ३ लाख ४२ हजार करोड मूल्य बराबरका दुई हजारका नोट बैंकमा फिर्ता भइसकेका छन् ।
अझै केही नोट फिर्ता हुन बाँकी रहेकाले ७ दिनको समय थपिएको हो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१६ मा बजारमा रहेका पाँच सय र एक हजारका नोटमाथि प्रतिबन्ध लगाएपछि त्यही वर्ष बजारमा रिजर्भ बैंकले दुई हजारको नयाँ नोट ल्याएको थियो । नोट पनि अब फिर्ता लिइएको हो । बजारमा दुई हजारको नोट चलनचल्तीमा रहने छैन ।

# अहिंसा दिवस सार्थक बनाउनु पर्दछ



– राघवेन्द्र साह

महात्मा गान्धीले सत्य र अहिंसाको सन्देश दिएर विश्वलाई मानवताको बाँध गराएको झण्डै एक शताब्दिपछि अक्टुबर २ सम्पूर्ण विश्वले उनको जन्म दिवसलाई अहिंसा दिवसका रुपमा मनाउनु हाम्रा लागि मात्र होइन कि सबै मानवतावादीका लागि गौरवको कुरा हो ।

किनभने सेना र बन्दुकको भरमा कतै पनि शान्ति स्थापना हुनसकेको छैन । त्यसका लागि अहिंसा प्रथम सर्त हो । जबसम्म हत्या र हिंसा रोकिँदैन, शान्ति हुन सक्दैन । मानवताका सच्चा पुजारी महात्मा गान्धीले भारतमा स्वाधीनता प्राप्तिका लागि शताब्दिपूर्व सत्य, अहिंसा र सेवाव्रतका लागि घोषणा गर्नु भएको थियो । निहत्था भारतीय जनतालाई नमक सत्याग्रह र विदेशी वस्त्रको बहिष्कार गराई भारतीय जनतामा स्वदेशीपनको भावना जगाउनु भएका थियो । परिणामतः अंग्रेजको जुलमी शासनको अन्त्य भएको थियो ।

गान्धीको सत्य, अहिंसा र सत्याग्रहको मार्ग विश्वभरिकै मानवका लागि आवश्यक छ । तसर्थ, गान्धीको निधनको साठी वर्षपछि संयुक्त राष्ट्र संघको निर्णयमा विश्वभरिका देशहरुमा अहिंसा दिवसको आयोजनाले हामी नेपालीलाई आफ्ना मनमस्तिष्क फेर्न भनिराखेको छ । हामी स्वार्थवश हत्या र हिंसा अपहरणमा न लागेर सुन्दर, शान्त नेपाललाई अहिंसामय बनाउनु परेको छ । यहाँ कंश र कौरवलाई पौरुखी बनाउनुको सट्टा प्राणी मात्रको हत्या रोकिनु पर्दछ । देवी र देवताका नाममा हुने गरेको बलि प्रथा बन्द गर्नु पर्दछ ।

किनकी अढाई हजार वर्षपूर्व गौतम बुद्धले अहिंसा परमो धर्मः को दिनु भएको महामन्त्रलाई अपनाएर मोहनदास कर्मचन्द्र गान्धी महात्मा गान्धी हुन पुगे । त्यसलाई न लत्याएर हामी सबैले बाँच र बाँच्न देऊको पवित्र भावनाले नेपाललाई हिंसारहित बनाउनु परेको छ ।

# ‘दुर्घटना न्यूनीकरण गर्न सबैको भूमिका महत्वपूर्ण छ’



**रासस**
**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले सवारी दुर्घटनाले निम्त्याएको कहालीलाग्दो अवस्थाको अन्त्य गर्न सरोकारवाला सबैको भूमिका महत्वपूर्ण रहेको बताएका छन् । उपत्यका ट्राफिक प्रहरी कार्यालय र काठमाडौँ महानगरपालिकाले आइतबार आयोजना गरेको ‘सडक सुरक्षा तथा ट्राफिक सचेतना सप्ताह–२०८०’को उद्घाटन गर्दै उनले सडक सुरक्षा ट्राफिक प्रहरीको मात्रै नभएर चालक र अन्य सबैको उत्तिकै जिम्मेवारीको पक्ष भएको बताए । ‘यति समयमा गन्तव्यमा पुग्छौँ भन्ने अनुमानलाई सिद्ध बनाउन सक्नु हामी सबैको जिम्मेवारी हो’, गृहमन्त्री श्रेष्ठले भने, ‘सडक जामले मानिस समयमा काममा नपुग्ने, जामको बहाना देखाउने, दुर्घटनाबाट धेरै क्षति हुने भएकाले सडक गुणस्तरको समस्यालाई सबै मिली समाधान गर्नुपर्छ ।’ उनले सडक ट्राफिक लाइटको वैज्ञानिक प्रयोग गर्ने र ट्राफिक प्रहरीलाई थप ‘इन्सेन्टिभ’ दिनेबारे पनि छलफल चलिरहेको बताए । सडक दुर्घटनाबाट ठूलो मानवीय तथा भौतिक क्षति भइरहेको उल्लेख गर्दै मन्त्री श्रेष्ठले पछिल्लो १० वर्षमा सडक दुर्घटनामा ज्यान गुमाउनेको सङ्ख्या भयावह देखिएको बताए । ‘सडक दुर्घटनाबाट हुने दुःखद् स्थितिको अन्त्य गर्नु, त्यसलाई प्रभावकारीरुपमा न्यूनीकरण गर्न सचेत पहलकदमी गर्नु सबैको जिम्मेवारी हो’, उनले भने ।

सवारी दुर्घटना न्यूनीकरण गर्ने जिम्मेवारी ट्राफिक प्रहरीको मात्र नभएको जनाउँदै गृहमन्त्री श्रेष्ठले सडकको गुणस्तर, क्षमता, सवारी साधनको गुणस्तरीयता, सवारी चालक र आमनागरिकको चेतना तथा आचरण दुर्घटनाका कारण बन्दै आएको बताए । प्रहरी महानिरीक्षक वसन्त कुँवरले उपत्यकाको ट्राफिक व्यवस्थापनका सम्बन्धमा नेपाल प्रहरी र सरोकारवाला पक्षबीच सहकार्य अभिवृद्धि गरी आमनागरिकमा प्रभावकारी सेवा प्रवाह गर्नुपर्ने बताए । बढ्दो सरहरीकण, जनघनत्वका आधारमा सवारी पूर्वाधारको अभाव, सवारी साधनको तीव्र वृद्धि, मानवीय, वातावरणीय र यान्त्रिकलगायत कारणले सडक दुर्घटना बढेको उनको भनाइ थियो । ‘प्रहरीले आगामी दुई वर्षको कार्ययोजनामा सडक सुरक्षा र ट्राफिक व्यवस्थापनलाई प्रविधियुक्त बनाइ प्रणालीगत सुधार गर्ने योजना तर्जुमा गरेको छ’, उनले भने । वरिष्ठ कलाकार हरिवंश आचार्यले काठमाडौँमा सार्वजनिक यातायातको विकासबिना जनताले सुख नपाउने उल्लेख गर्दै सार्वजनिक यातायातमा सरकारले लगानी गर्नुपर्ने बताए । उनले काठमाडौँ उपत्यकाको साँघुरा सडक, अव्यवस्थित पार्किङ, सवारीसाधनको अत्यधिक चापका बाबजुद पनि ट्राफिक प्रहरीले ट्राफिक व्यवस्थापन गरिरहेको बताए । काठमाडौँका प्रमुख जिल्ला अधिकारी जीतेन्द्र बस्नेतले राजधानीमा सुरक्षितरुपमा विरोध प्रदर्शन गर्ने स्थान नतोकिँदा ट्राफिक व्यवस्थापन अस्तव्यस्त भएको बताए । अन्तर्राष्ट्रियस्तरका सडक पूर्वाधार निर्माणमा सरोकारवाला निकायले ध्यान दिनुपर्नेमा जोड दिँदै उनले दुर्घटना न्यूनीकरण तथा सवारी व्यवस्थापनमा ट्राफिक प्रहरीको भूमिका महत्वपूर्ण रहेको बताए । काठमाडौँ महानगरपालिकका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले यातायात क्षेत्र सुधारका लागि काठमाडौँ महानगरपालिकाले ३४ करोड रुपैयाँ विनियोजन गरेको जानकारी दिए । उनले सडक सुरक्षालाई प्रभावकारी बनाउन तथा दुर्घटना न्यूनीकरणका लागि प्रत्येक व्यक्तिले प्रण गर्नुपर्नेमा जोड दिए । यातायात व्यवस्थापन विभागका महानिर्देशक उद्धवप्रसाद रिजालले सवारी दुर्घटना न्यूनीकरण गर्न चालक, प्रयोगकर्तालगायतमा सचेतनाको खाँचो रहेको बताए । सवारी व्यवस्थापन गर्न प्रदेश सरकार, स्थानीय तहसँग समन्वय गरेर विभागले काम गरिरहेको उनको भनाइ थियो । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले सवारी दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरीको महत्वपूर्ण भूमिका रहेको बताए ।

# पाँच वर्षमा दुर्घटनामा १२ हजार आठ सयको मृत्यु, ८० हजार घाइते



**रासस**
**काठमाडौँ ।**
सवारी व्यवस्थापन र दुर्घटना न्यूनीकरणमा सरोकारवाला तथा आमनागरिकको भूमिका र जिम्मेवारी बोध गराउने उद्देश्यले काठमाडौँ महानगरपालिका र काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयको समन्वयमा आजदेखि ‘सडक सुरक्षा तथा ट्राफिक सचेतना सप्ताह– २०८०’ सुरु भएको छ ।

सवारी चालक, सडक प्रयोगकर्तालगायत आमनागरिकलाई सडक सुरक्षा र दुर्घटना न्यूनीकरण सम्बन्धमा सुसूचित गराउने, सडक अनुशासन र सुरक्षित प्रयोगका सम्बन्धमा सचेत गराउने उद्देश्यका साथ सप्ताह सुरु गरिएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले जानकारी दिए । उपत्यका केन्द्रित बसाइसराइँ, सहरीकरणलगायतबाट भइरहेको जनसङ्ख्या वृद्धि, सवारी चाप, सवारी व्यवस्थापनमा प्रविधिको प्रयोगको कमी, फुटपाथ अतिक्रमण, सवारी नियम तथा ट्राफिक नियमसम्बन्धी ज्ञानको कमीलगायत कारणबाट काठमाडौँ उपत्यकाको ट्राफिक व्यवस्थापन जटिल एवम् चुनौतीपूर्ण बन्दै गइरहेको छ । अहिले पनि काठमाडौँ उपत्यकाको सवारी व्यवस्थापन ट्राफिक प्रहरीको हातको इसाराको भरमा चल्दै आइरहेको छ । देशभरि ६३ लाख सवारी साधन दर्ता छन् ।

काठमाडौँ उपत्यकामा मात्रै करिब १८ लाख सवारी साधन दर्ता भएको र करिब १४ लाख सवारी दैनिक सडकमा गुड्ने अनुमान गरिएको छ । पछिल्लो पाँच वर्षमा देशभर १२ हजार आठ सयको दुर्घटनामा मृत्यु भएको छ भने उपत्यकामा मात्रै हजारभन्दा बढीको मृत्यु भएको ट्राफिक प्रहरीको तथ्याङ्क छ । पाँच वर्षमा दुर्घटनामा परी करिब ८० हजार घाइते भएका छन् । गत आवमा सवारी दुर्घटनाबाट मुलुकभर दुई हजार आठ सय ८३, आव २०७८र७९ मा दुई हजार तीन सय ७६, आव २०७७÷७८ मा दुई हजार पाँच सय, आव २०७६÷७७ मा दुई हजार दुई सय ५१ र आव २०७५÷७६ मा दुई हजार सात सय ८९ जनाको मृत्यु भएको ट्राफिक प्रहरीले जनाएको छ ।

उपत्यकामा हाल एक हजार तीन १३ ट्राफिक दरबन्दी रहेको छ । दरबन्दीभन्दा बढी प्रहरीलाई ट्राफिक व्यवस्थापनमा खटाइएको प्रहरीले जनाएको छ । उपत्यकामा मात्रै एक हजार आठ सय २२ ट्राफिक सवारी व्यवस्थापनमा खटिइएका छन् । काठमाडौँ उपत्यकाको ट्राफिक व्यवस्थापन थुप्रै चुनौती आइपरेको उल्लेख गर्दै ट्राफिक प्रमुख पोखरेलले सडक संरचना व्यवस्थित हुन नसक्नु, सवारी साधन अत्यधिक वृद्धिलगायत कारणबाट सडक दुर्घटना बढेको बताए । उपत्यकामा बर्सेनि साना ठूला १० हजार बढी सडक दुर्घटना हुने गरेको छ । दुर्घटनामा परी करिब दुई सयको मृत्यु तथा आठ हजार बढी घाइते भएका छन् ।

ट्राफिक प्रहरी प्रमुख पोखरेल विशेषगरी दुई पाङ्ग्रे सवारी सधानको चालकको असावधानी तथा लापरबाहीपूर्ण व्यवहार, मादक पदार्थ सेवन गरी सवारी चलाउने, लेन अनुशासन पालना नगर्ने, तीव्र गतिमा सवारी चलाउनेलगायत कारणबाट दुर्घटना बढेको बताउँछन् । ‘समयानुकूल भौतिक पूर्वाधारमा सुधार नहुनु, सडकको अवस्था र प्रविधिको अभावसमेत दुर्घटनाको कारक बनेको छ,’ उनले भने । प्रमुख पोखरेलले ट्राफिक प्रहरीको एक्लो प्रयासले मात्र ट्राफिक व्यवस्थापन कार्य सम्भव नहुने हुँदा सम्पूर्ण सरोकारवाला निकायको सहकार्य एवम् जिम्मेवारीपूर्ण भूमिका आवश्यक रहेको बताए । ‘सडकमा ट्राफिक प्रहरीको परिश्रम हाम्रै लागि हो भन्ने मनन् गरी ट्राफिक नियम र सडक अनुशासन पालना गरी सडक सभ्यताको विकास गर्नु सबैको साझा दायित्व हो’, उनले भने, ‘सवारी व्यवस्थापन र सहज आवागमनका लागि सबैको हातेमालो र नियम पालना प्रतिको प्रतिबद्धताले मात्र दुर्घटनारहित सुरक्षित यात्रा सम्भव छ ।’

**ट्राफिक प्रहरी स्थापनाको सात दशक**
नेपालमा विसं २००७ मा स्थापना भएको रामदलबाट ट्राफिक नियन्त्रण कार्यको प्रारम्भ भएको थियो । विसं २००९ मा पहिलो पटक ‘ट्राफिक पुलिस डिट्याचमेन्ट’को स्थापना गरी तत्कालीन बग्गीखाना हालको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय रहेको स्थानमा कार्यालय सञ्चालन गरेको इतिहास छ । ट्राफिक प्रहरीको व्यवस्थासँगै प्रहरीले सवारी व्यवस्थापन गरी विद्यमान ऐन नियमको पालना गराउनुका साथै सवारी नियम उल्लङ्घन गर्नेलाई कारबाहीको दायरामा ल्याउँदै आएको छ । सडक दुर्घटना न्यूनीकरण गर्दै ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रयासरत छ । साँघुरा सडक तथा सीमित सडक सञ्जाल, सम्पूर्ण खोला करिडोर निर्माण तथा सञ्चालन नहुनु तथा सार्वजनिक यातायत क्षेत्रमा हुने अस्वस्थ प्रतिस्पर्धाले ट्राफिक व्यवस्थामा कठिनाइ पैदा भएको ट्राफिक प्रहरीको भनाइ छ । लेन अनुशासनको उल्लङ्घन, तीव्र गति, ट्राफिक लाइटको वेवास्ता, जथाभावी यात्रु चढाउने र ओराल्ने कार्यले ट्राफिक व्यवस्थापन जटिल बन्दै गएको छ । मापदक पदार्थ तथा लागुऔषध सेवन गरेर सवारी चलाउने, पैदलयात्रुले जथाभावी बाटो काट्ने प्रवृत्तिले दुर्घटनाको जोखिम बढेको ट्राफिक प्रहरीको भनाइ छ । दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरीले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । ट्राफिक सचेतना सप्ताहको अगाडि दरबारमार्गबाट ट्राफिक सचेतनासम्बन्धी प्लेकार्ड बोकिएको प्रभातफेरि निकालिएको थियो । प्रभातफेरिमा उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठ, गृहसचिव दिनेशकुमार भट्टराई, कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य, प्रहरी महानिरीक्षक, काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी, यातायात व्यवस्था विभागका महानिर्देशक, यातायात व्यवसायी, युवाविद्यार्थी तथा सर्वसाधारणको सहभागिता थियो ।

# बागमतीमा सरकारी कामकाजको भाषाको विधेयक प्रस्तुत




**रासस**
**मकवानपुर ।**
बागमती प्रदेशसभाको आइतबार बसेको पहिलो बैठकमा सांस्कृतिक, पर्यटन तथा सहकारीमन्त्री पुकार महर्जनले प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक छलफलका लागि टेबुल गरे । बैठकमा विशेष समय माग गरी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बहादुर सिं लामाले प्रदेशसभामा केही दिनअघि बसेको बैठकमा विशेष र शून्य समयमा सदस्यहरूले उठाएका राष्ट्रिय सरोकारसँग सम्बन्धित प्रश्नहरूको उत्तर दिदैँ प्रदेश सरकारले आफ्नो सीमित स्रोतसाधनलाई सदुपयोग गरी सरकारको कार्य सम्पादनलाई इमान्दारीपूर्वक कार्यान्वय गर्दै आइरहेको बताए । उनले सरकारले यसै चालु आर्थिक वर्षभित्र कुनै पनि नयाँ सवारीसाधनको खरिद नगरिएको र सरकारलाई आर्थिक भार पर्ने खालको कुनै अनावश्यक कार्य नगरिएको पनि स्पष्ट पारे । मन्त्री लामाले देशमा यदाकदा चिकित्सकहरूमाथि भएको आक्रमण र दुर्व्यवहारप्रति सरकारले गम्भीरतापूर्वक ग्रहण गरेको र ती अभियुक्तहरूलाई कारबाही गर्न सङ्घीय सरकारले कदम चालेको र त्यसका लागि प्रदेश सरकारले पनि आवश्यक समन्वय र सहकार्य गरेर चिकित्सक र स्वास्थ्यकर्मीहरूमाथि प्रोत्साहन र सुरक्षा प्रदान गर्ने प्रदेश सरकारको नीति रहेको बताए । उनले सामाजिक सञ्जालमा लेखिएको समाचारको आधारलाई सत्य हो वा होइन भन्ने अनुसन्धान गर्ने सरकारी निकायहरू रहेको उल्लेख गर्दै आफ्नो पार्टीका तर्फबाट मन्त्री नियुक्त भएका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री तीर्थ लामा कुनै सुन काण्डमा संलग्न नरहेको र दोषी पाएमा कानूनबमोजिम सजाय भोग्नुपर्नेतर्फ संसद्मा स्पष्ट पारे । मन्त्री लामाले बडा दसैँको उपलक्ष्यमा बजारमा रहेका सबै पसलमा मूल्यसूची राख्नुपर्ने र सर्वसाधारणहरूलाई लत्ताकपडा, खाद्यान्न, मसला, तेललगायत तरकारीहरू सुपथ मूल्यमा उपलब्ध गराउन स्थानीय प्रशासनमार्फत सबै जिल्लामा व्यवस्थापन मिलाउन सरकारले निर्देशन दिइसकेको बताए । सरकारले सबै दलबाट प्रतिनिधित्व गर्ने प्रदेशसभा सदस्यहरूको भावनालाई कदर गर्दै राष्ट्रिय गौरवको आयोजना, विकासको पूर्वाधार एवं विपन्न नागरिकहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन सरकारको आफ्नो क्षमताअनुसार स्रोतसाधन परिचालन गर्नेतर्फ प्रतिबद्ध रहेको उल्लेख गरे । बैठकमा जलस्रोत तथा सिँचाइमन्त्री तीर्थ लामाले केही दिनअघि विभिन्न पत्रिकामा आएको समाचारलाई आधार बनाई आफू सुन कारोबारमा संलग्न रहेको भनी आएको चर्चा–परिचर्चा सत्य नभएको स्पष्ट पार्दै आफूले प्रेस विज्ञप्तिमार्फत सबै सत्यतथ्य सार्वजनिक गरिसकेको पनि जानकारी गराए । उनले आफूलाई लागेको आरोपमाथि सम्बन्धित निकायको अनुसन्धान गर्ने निकायहरूबाट आफूलाई सोधपुछ अथवा कुनै पक्राउ पुर्जी जारी नभएको पनि उल्लेख गर्दै आफूमाथि लागेको आरोपको सत्यतथ्य प्रमाणित गरी अघि बढाउन नेपाल प्रेस काउन्सिलमा आफूले उजुरी दर्ता गरेको पनि बताए । मन्त्री लामाले आफू राजनीतिक दलको इमान्दार कार्यकर्ता भएको र आफुले गर्दै आएको समाजसेवा र राजनीतिप्रति वितृष्णा उत्पन्न गर्नका निमित्त केही सञ्चारगृहहरू आफूमाथि प्रयोग भएकामा दुःख व्यक्त गरे । प्रदेशसभाको सभामुख भुवनकुमार पाठकले प्रदेशसभाको दोस्रो बैठक ३:३० बजेका लागि आह्वान गर्दै बैठक स्थगित गरेका थिए । प्रदेश सभाको आइतबार बस्ने बैठकको कार्यसूचीअनुसार, बिहान ११ बजे बस्ने भनिएको बैठक नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (एकीकृत समाजवादी) को संसदीय दलको बैठक बस्ने भनिएको कारणले समयमा सुरु हुन नसकी १:४० को समयमा बैठक सञ्चालन भएको थियो ।

# विधायिकाको भूमिकाका बुझाइएको रहेनछः सांसद



**रासस**
**काठमाडौँ ।**
अवस्था सुधार, बेथिति अन्त्य र विकासको मुद्दालाई अघि बढाउने हुटहुटी बोकेर सदन प्रवेश गरेका ४४ वर्षीय सांसद गणेश पराजुली आफूले जनताका मुद्दालाई सधैँ उच्च प्राथमिकतामा राखेको बताउँछन् । विधायिकाको मुख्य भूमिका कानुन निर्माण गर्ने भए पनि जनताका गुनासा सुन्न देश दौडाहामा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद पराजुली आफूबाट जनताका मुद्दामा कच्चा निर्णय हुन नहुनेमा सचेत छन् । केही समयअघि पूर्वीपहाडी जिल्ला ओखलढुङ्गा, खोटाङ, सङ्खुवासभा र भोजपुरका नागरिकसँग साक्षात्कार गरेका उनले भने, ‘राजनीतिक दल र नेताबाट बाचाबाहेक खास अरु केही प्राप्त गर्न नसकेका आम जनतामा धेरै निराशा भएको पाएँ । कतिपय ठाउँमा त नेताहरू आउँछन्, जान्छन् भन्दै हामीलाई नै व्यङ्ग्य गरेको पाएँ ।’ सांसद पराजुलीका अनुभवमा राजनीति, यसको नेतृत्व र राजनीतिक परिवेशप्रति आम नागरिकमा केही वितृष्णा बढेको छ । उनी भन्छन्, आम नागरिकको अनुहारमा राजनीतिक दल र नेताप्रतिको अविश्वास प्रष्टै देखिन थालेको छ ।’ यसलाई कम गर्न सांसद पराजुली सदनमार्फत सशक्त खबरदारीका लागि सम्बन्धित क्षेत्रका सांसदसँगको संवादको तयारीमा समेत छन् । ‘यतिबेला हाम्रो जिम्मेवारी आम नागरिकको आवाज सुन्ने र उहाँहरूको दैनिकीलाई कसरी सहज बनाउने भन्नेतर्फ काम गर्ने हो । जुनसुकै पार्टीका सांसद भए पनि उहाँहरूसँग सहकार्य गरी काम गर्ने हाम्रो योजना हो”, उनले भने । उनका अनुसार केही स्थानमा उनी काम सुरु पनि गरिसकेका छन् । ‘हाम्रो पार्टीले मात्रै यस्ता विषय उठाउँछ भन्ने सन्देश दिनुभन्दा पनि हामी सम्बन्धित क्षेत्रका सबै विधायिकासँग सकारात्मक छलफल गरेर समस्याको निराकरणका लागि बहुपक्षीय संवाद गरिरहेका छौँ, उनले भने । नेता पराजुलीले आधारभूत सेवा सुविधाबाट बञ्चित ग्रामीण क्षेत्रका जनता स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षाको प्रत्याभूतिको आशामा रहेको बताए । त्यही आडमा राजनीतिक नेताले आश्वासन बाँड्दै आएकाले जनता विधायिकाको भूमिकाबारे प्रष्ट हुन नसकेको उनको बुझाइ छ । ‘आम नागरिकलाई विधायिकाको भूमिकाबारे बुझाइएकै रहेनछ’, सांसद पराजुलीले भने, ‘विधायिका को हो ? पालिका प्रमुख को हो ? मन्त्री को हो ? यी विषयमा चासो नराख्ने तर जसरी भए पनि आधारभूत आवश्यकता पूरा गर्दिनुपर्छ भन्ने सोच धेरैमा भएको पाएँ ।’ त्यसो त सांसदले विधायिकाको भूमिकासँगै विकास निर्माणका काममा पनि सक्रिय हुनुपर्ने अवस्थाले आम नागरिकमा परेको छापलाई उनले स्वभाविकरूपमा लिएका छन् । विसं २०५४ मा प्रवेशिका परीक्षा (एसएलसी) उत्तीर्ण गरेलगत्तै उच्च शिक्षाका लागि गृहजिल्ला खोटाङबाट काठमाडौँ आएका पराजुलीसँग तत्कालीन समयमा एउटामात्रै सङ्कल्प थियो, शिक्षक बन्ने र गाउँ फर्कने । तर काठमाडौँले पराजुलीलाई व्यवसायी बनायो । व्यवसायीबाट सांसद बनेका शिक्षकका रूपमा होइन, जनप्रतिनिधिका रूपमा गाउँ–गाउँ पुगेका छन् । उनी रेसाजन्य कच्चा पदार्थबाट तयारी सामग्री उत्पादन गर्ने र विश्वबजारमा निर्यात पेसामा आबद्ध थिए ।

विसं २०७९ देखि रास्वपाको संस्थापक केन्द्रीय सदस्यका रूपमा सक्रिय राजनीतिक यात्रा सुरु गरेका पराजुली काठमाडौँ जिल्ला क्षेत्र नं ७ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित भए । उनलाई त्यसअघिसम्म कहिल्यै राजनीतिमा आफ्नो भूमिका आवश्यक महसुस भएको थिएन । ‘पहिले राजनीतिमा व्यवसायी जोडिनु हुँदैन भन्ने सोच थियो । जो–जसले जिम्मेवारी लिनुभएको छ उहाँहरूले नै गर्नुहुन्छ भन्ने विश्वास र अपेक्षा थियो’, उनले भने । ‘राजनीतिभित्रको विकृति, भ्रष्टाचारपछि अब नेताहरूलाई गाली गर्नेभन्दा पनि राजनीतिभित्रै पसेर यसको शुद्धीकरण गर्नुपर्छ भन्ने महसुस भयो ।’ संसदीय अभ्यासबारे जिज्ञासामा सांसद पराजुलीले आफूसँगै रास्वपाका अन्य सांसदका लागि संसदीय अभ्यास पहिलोपटक भएको जनाउँदै धेरै सिक्न बाँकी रहेको बताए । यद्यपि विधायिकाको भूमिका प्रभावकारी बनाउने हुटहुटीका बाबजुद कानुन निर्माणमा देखिएको सुस्तगतिले आफूहरू चिन्तित रहेको उनको भनाइ छ । ‘पछिल्लो आठ महिनामा हामीले धेरै अनुभव प्राप्त गर्यौं तर त्यो पर्याप्त छैन, हामी अझै पनि सिक्ने, बुझ्ने र जान्ने प्रयासमै छौँ’, उनले भने, ‘पहिलो वर्षको दोस्रो अधिवेशन अन्त्य हुन लाग्दासम्म पनि विधेयकमा धेरै काम गर्न नसक्नु राम्रो अभ्यास होइन । यसले हामीलाई भित्रैदेखि पोलिरहेको छ ।’ उनले कानुन निर्माणमा भइरहेको ढिलाइमा सदनसँगै सरकार जिम्मेवार रहेको बताए । ‘सरकार र स्थापित राजनीतिक दल, जो बहुमत लिएर बसेका छन् उनीहरूले तदारुकता नदेखाएसम्म हाम्रो सुधारका चाहना र प्रयास सफल हुन नसक्ने रहेछ’, उनले भने । सांसद पराजुलीले सदनमा अनुभव महत्त्वपूर्ण भए पनि स्थापित राजनीतिक दलले जनताको मुद्दा प्राथमिकतामा नराखेको आरोपसमेत लगाए । उनले भने, ‘मुख्य राजनीतिक दलले आफ्नो अस्तित्व बचाउने र आफ्ना पक्षका मान्छेलाई बचाउनेमै बढी ध्यान केन्द्रित गर्दा आम जनताका मुद्दा ओझेलमा परेका छन् ।’ संसदीय अभ्यासमा आफू र आफ्नो पार्टीलाई प्राप्त जनविश्वासले आफूहमा आत्मविश्वास बढेको उनको अनुभव छ । ‘देश र विदेशमा रहेका नागरिकले रास्वपाका सांसदको भूमिका सक्रिय रहेको बताउँछन् ।

सदनको प्रत्यक्ष प्रसारणबाट हामीलाई अवलोकन गरिरहेकाले रास्वपाका सांसदको प्रस्तुतिले आशावादी भएको भन्छन् । उहाँहरुको प्रतिक्रियाले हाम्रो आत्मविश्वास बढाएको छ ।’ मुलुकको अवस्था सुधारका लागि राजनीतिमा प्रवेश गरेको बताउने सांसद पराजुलीले फरक राजनीतिक दल र फरक विचारधारा भए पनि सुशासन, विकास, गरिबी निवारण, भ्रष्टाचार र बेथिति निवारणका लागि सबै पक्ष एकजुट हुनसके परिवर्तन सम्भव छ भन्नेमा पूर्णरूपमा विश्वस्त छन् ।

तिमी मिडिया नियन्त्रणको कल्पनै नगर, बरु उत्तम यो हुन्छ कि आजैदेखि आफ्नै दिमाग नियन्त्रण गर ।

–जिम मरिसन

# संसदमा प्रधानमन्त्रीको जवाफ

## सम्पादकीय

### खाली सटर, सम्पर्कविहीन साहुजी र रकमरहित उपभोक्ता

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड चीन भ्रमण सकेर फर्किए । अमेरिका भ्रमणबाट सिधै चीन गएका प्रधानमन्त्रीले आइतबार प्रतिनिधि सभा बैठकमा आफ्नो भ्रमणको फेहरिस्त सुनाउँदै भने, 'सम्बन्धमा नयाँ उचाइ ल्याउन भ्रमण उपलब्धीमूलक भयो ।' माओवादी पार्टीले पनि पार्टी कार्यालयमा पत्रकार सम्मेलन गरेर नेपाल चीन सम्बन्ध विस्तारमा भ्रमणले आयाम थपेको बताएको छ । प्रधानमन्त्रीले भ्रमण उपलब्धीमूलक बताइरहँदा आइतबार काठमाडौँको माइतीघरमा घण्टैपिच्छे धर्ना दिनेहरुको भिड थियो । आर्थिक मन्दीले देश थिलोथिलो भएको छ । उदयपुरमा सटरहरु बन्द भएका समाचार आएका छन् । जनकपुरमा एक सय भन्दा बढी सटर बन्द भइसकेका छन् । वीरगंजमा पनि उस्तै अवस्था छ । अर्थात् जनतासँग आन्दोलन गर्ने, सामाजिक सञ्जालमा कुर्लने, उत्तेजित हुने, हतियारको धाकधम्की दिने बाहेक उद्यम नै छैन । भए गरेका लगानीका उद्योगहरु धमाधम बन्द भएका छन् । केही उद्योग फेरि चल्न समस्या भइरहेको छ । अर्थात परनिर्भरताले हाम्रो वैदेशिक ऋण २३ खर्ब नाघेको छ । अझ पछिल्लो पाँच वर्षमा वैदेशिक ऋण दोब्बरसँग बढेको छ । साउन र भदौको पनि उस्तै खराब अवस्था छ ।

अर्कातिर अर्थमन्त्री डा. प्रकाश शरण महत सकारात्मक सन्देश प्रवाहका लागि मधेशका प्रदेशका जिल्लाहरु घुमिरहेका छन् । वीरगंज र जनकपुर पुगेर उनले सकारात्मक ऊर्जा दिन खोजे पनि बन्द सटर, सम्पर्कविहीन साहु र रकमरहित उपभोक्ताले अर्थतन्त्र सुधार हुने संकेत गरिरहेको छैन । अर्कातिर वीरगंजका भन्सार कार्यालयहरुले पनि लक्ष्यमा ३० प्रतिशत बाँकी नै राखेर राजस्व संकलन गरिरहेका छन् । साउन, भदौ र असोजमा लक्ष्य भेटाउन गाह्रो छ । चाडपर्वले झपक्कै छोपे पनि उपभोक्ता रकम नभएर बजार आउन सकिरहेका छैनन् । आएकाहरु महँगीको मारले खरिद गर्न सकिरहेका छैनन् । व्यापारीहरु पनि महँगी भयो भनेर उपभोक्तारहित छन् तर किस्ता तिर्न नसकेर हालत खराब अवस्थामा छन् । यस्तो बेला राजनीतिक स्टन्ट त सरकारले गरिरहेको छ । चीन र अमेरिका भ्रमणले सन्देश पनि राम्रो गएको होला । तर जिडिपीको ४३ प्रतिशत अवस्था खराब हुँदै जानु भनेको देश असफलताको सूचकतिर उक्लिनु हो । यसमा पनि दलहरु र सरकार गम्भीर देखिन्नन् । यो सरकार गिराएर अर्को सरकार बनाउने राजनीतिक अभिष्टले पनि अहिलेको क्षतिपूर्ति भरणका नाममा अरु ऋण बढ्ने मात्रै हो ।

आमनागरिक महँगीले सेकिएका छन् । उनीहरुको क्रयशक्ति ह्रास भइरहेको छ । स्थानीय तहले बढाएको करले ढाड सेकेको छ । प्रदेश सरकारले दिने सेवासुविधा पहिलो त्रैमासमा केही उपलब्ध हुन्न । दोस्रो त्रैमासमा नाम संकलन भनिन्छ । तेस्रो त्रैमासमा छानबिनका कुरा आउँछन् । अनि चौथो त्रैमासमा कामै सम्पन्न हुन सक्दैन, जजसले पाउँछन्, उनीहरु आफन्त र नातागोतामा सीमित छ । प्रदेशमा अवसर पाउनेहरुको विवरण अध्यावधिक गरेर स्वतन्त्र अनुगमन गर्ने हो भने सरकार र सरकारका कर्मचारीका निकटहरुले यो सुविधा पाइरहेको अवस्था छ । भन्न त सरकारले समयमा मल दिएको भनेको छ । महँगी सात प्रतिशतमा सीमित गरेको भनेको छ । तर चैत यता जिरामा मात्रै १ सय १० प्रतिशत महँगी बढ्दा उपभोक्ताको तरकारी स्वादिलो हुन छाडेको छ । मसलारहित खानपान आदत बनाउनु पर्ने अवस्था छ । राज्यले राजनीतिक स्टन्ट गरिरहँदा आर्थिक योजना र सपना चैँ ऋण नै गरेर सम्पन्न गराउने सपनाले देश अरु खराब र ऋणात्मक भइरहेकोबारे सोच्न ढिलाइ भइसकेको छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

*'प्रत्येक बैठकमा त्यहाँका राजनीतिक नेतृत्वबाट नेपाल–चीन सम्बन्धलाई थप उचाइमा पुर्‍याउने एवम् मेरो भ्रमणका अवसरमा नेपाल र चीनबाट संयुक्तरूपमा जारी वक्तव्यमा पूर्ण कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त भएको थियो।'*



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो पछिल्लो चीन भ्रमणक्रममा भएका छलफलबाट नेपाल–चीन सम्बन्धलाई थप उचाइ दिन मद्दत पुगेको बताएका छन् । उनले विगतमा भएका समझदारी कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धतासमेत व्यक्त भएको उल्लेख गरे ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा सम्बोधन गर्दै उनले चीनका राष्ट्रपति सि चिनफिङले गरेको भ्रमणपछि नेपालबाट गरिएको पहिलो उच्चस्तरीय भ्रमणका रुपमा आफ्नो चीन भ्रमण भएको उल्लेख गरे । 'कोभिड–१९ महामारीका कारण लामो समयदेखि उच्चस्तरमा कुनै भ्रमण नभएका सन्दर्भमा मेरो भ्रमणले नेपाल र चीनबीच आपसी विश्वासको वातावरणलाई थप सुदृढ गर्दै दुवै मुलुकबीच रहिआएको ऐतिहासिक सम्बन्धको समग्र पक्षलाई थप प्रगाढ बनाउन महत्वपूर्ण भूमिका खेलेको विश्वास लिएको छु,' प्रधानमन्त्री दाहालले भने । प्रधानमन्त्री दाहाल नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सेप्टेम्बर १७ देखि २१ सम्म संयुक्त राष्ट्रसङ्घको ७८औँ महासभामा सहभागी भई सम्बोधन गरेका थिए । सम्बोधनपश्चात् सेप्टेम्बर २३ देखि ३० सम्म जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमण सम्पन्न गरी असोज १३ गते स्वदेश फर्केका हुन् ।

संयुक्त राष्ट्रसङ्घको महासभामा सहभागी हुन र चीनका प्रधानमन्त्री लि छियाङको निमन्त्रणमा चीन भ्रमणमा जानुअघि पनि आफूले सदनलाई जानकारी गराएको प्रधानमन्त्रीले उल्लेख गरे । चीन भ्रमणका दौरान चीनका राष्ट्रपति र प्रधानमन्त्रीसँग सारभूत पक्षमा भएको छलफलबाट नेपाल–चीन सम्बन्धलाई थप उचाइ दिन मद्दत पुगेको तथा विगतमा भएका समझदारीको कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धता व्यक्त भएको प्रधानमन्त्री दाहालले उल्लेख गरे ।

चीनका महामहिम राष्ट्रपति र प्रधानमन्त्रीसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता र छलफलक्रममा चीनसँगको व्यापार, लगानी, अन्तरदेशीय यातायात सञ्जाल र आर्थिक सामाजिक साझेदारी वृद्धि गर्दै लैजाने दिशातर्फ हाम्रो सम्बन्ध केन्द्रित रहनुपर्नेमा आफूले राखेको धारणाप्रति उनीहरुले पूर्ण समर्थन रहने बताएको प्रधानमन्त्री दाहालले जानकारी दिए । उच्चस्तरीय भेटमा नेपालको उत्तरी सीमा क्षेत्रमा चीनतर्फबाट प्रसारण लाइन निर्माण, नेपाल र चीनको सिमानामा रहेको भूभागमा केन्द्रीय विद्युत प्रसारण प्रणालीबाट विद्युत्को पहुँच पुर्‍याउन नसकिने स्थानमा सौर्य प्रणाली जडान गर्ने विषयमा सहमति भएको प्रधानमन्त्री दाहालले सदनलाई जानकारी गराए ।

यस्तै, विभिन्न सडक निर्माण तथा स्तरोन्नति, स्वास्थ्य तथा कृषि क्षेत्रमा सहयोग विस्तार, कोभिडपछि अवरुद्ध भएका साथै परम्परागत सीमानाकाको पुनःसञ्चालन, सीमानाकामा नेपालतर्फ पूर्वाधार निर्माण, अत्याधुनिक प्रयोगशाला निर्माणजस्ता पूर्वाधार विकासका विषयमा छलफल केन्द्रित भएको उनको भनाइ छ । यसैगरी नेपाल–चीनबीचको जनस्तरको सम्बन्धलाई प्रगाढ बनाउन पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीनबाट सोझै हवाई उडान गर्नुका साथै विज्ञान र प्रविधिका क्षेत्रमा सहकार्य गर्ने, द्विपक्षीय व्यापार विस्तार गर्ने सम्बन्धमा समेत विस्तारपूर्वक छलफल भएको प्रधानमन्त्री दाहालले उल्लेख गरे ।

'नेपाल सदैव एक चीन नीतिमा प्रतिबद्ध रहँदै आएको र नेपाल–चीनबीचको सम्बन्ध पञ्चशीलको सिद्धान्त, असल मित्रता, आपसी साझेदारी र सम्मान तथा अन्तर्राष्ट्रिय मूल्यमान्यता र कानुनमा आधारित रहेको पृष्ठभूमिमा भविष्यमा यो सम्बन्धलाई थप उचाइमा लैजाने दिशातर्फ दुवै पक्षले गर्नुपर्ने कार्यका बारेमा छलफल भयो,' प्रधानमन्त्री दाहालले भने । चीन भ्रमणका समयमा चीनको हाङ्झाउमा विभिन्न मुलुकका राष्ट्रप्रमुख र सरकार प्रमुख एवम् उच्चस्तरीय प्रतिनिधिसमेतको उपस्थितिमा चीनका राष्ट्रपतिले गरेको उद्घाटन समारोहमा सहभागी भई नेपाली खेलाडीको हौसला बढाउने अवसर प्राप्त भएको प्रधानमन्त्री दाहालले जानकारी दिए । हाङ्झाउ र बेइजिङमा भएका बैठक र छलफलका अलावा चीनको छोङछिङ, चीनको स्वाशासित क्षेत्र तिब्बत र छन्दुकोसमेत भ्रमण गरी द्विपक्षीय सम्बन्धका बारेमा विभिन्न तहमा छलफल भएको थियो ।

'प्रत्येक बैठकमा त्यहाँका राजनीतिक नेतृत्वबाट नेपाल–चीन सम्बन्धलाई थप उचाइमा पुर्‍याउने एवम् मेरो भ्रमणका अवसरमा नेपाल र चीनबाट संयुक्तरूपमा जारी वक्तव्यमा पूर्ण कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त भएको थियो,' प्रधानमन्त्री दाहालले भने, 'यसका साथै चीनको जनकाङ्ग्रेसका अध्यक्षसँगको भेटमा संसदीय प्रणाली र कानुन निर्माणमा चीनको जनकाङ्ग्रेसको अनुभवसमेत बुझ्ने अवसर प्राप्त हुनुका साथै आपसी सहयोग आदानप्रदान गर्ने विषयमा छलफल भएको थियो ।' चीन भ्रमणअघि आफूले संयुक्त राष्ट्रसङ्घको ७८औँ महासभामा सहभागी भई उच्चस्तरीय सत्रमा नेपालकोतर्फबाट सम्बोधन गरेको प्रधानमन्त्री दाहालले सदनलाई जानकारी गराए ।

सम्बोधनमा नेपालको शान्ति प्रक्रिया र त्यसलाई ठोस निष्कर्षमा पुर्‍याउन अन्तर्राष्ट्रिय समुदायको सहयोग, जलवायु परिवर्तन तथा यसले गर्दा नेपाललगायत अल्पविकसित देशमा पारेका प्रभावलाई केन्द्रित गरेको जानकारी दिँदै प्रधानमन्त्रीले ती समस्याको निराकरणका उपायहरू, हिमाली राष्ट्रका समस्या, दिगो विकासका लक्ष्यको प्राप्तिमा अल्पविकसित राष्ट्रका समस्याका बारेमा उल्लेख गरेको बताए । प्रधानमन्त्री दाहालले ती समस्या समाधानमा साधनस्रोतको व्यवस्थाका लागि विश्वसमुदायको गम्भीर ध्यानाकर्षण गराएको तथा अतिकम विकसित तथा भूपरिवेष्ठित राष्ट्रका समस्याप्रतिविश्वको ध्यानाकर्षण गराएको स्पष्ट पारे ।

अतिकम विकसित राष्ट्रको विकासका लागि अन्तर्राष्ट्रिय सहयोग, प्रविधि हस्तान्तरण र लगानीका माध्यमबाट गरिबी तथा असमानता हटाउँदै जानुपर्ने विषयमा विशेष जोड दिएको प्रधानमन्त्री दाहालले सदनलाई जानकारी गराउ । समकालीन विश्वका प्रमुख मुद्दा, मानवअधिकार, आतङ्कवाद तथा निःशस्त्रीकरणबारे नेपालको दृष्टिकोण प्रस्तुत गरेको उनले उल्लेख गरे । प्रधानमन्त्री दाहालले समग्रमा दुवै भ्रमण सफल भएको आफूले ठानेको बताए । उनले चीनको भ्रमणले झण्डै चार वर्ष लामो नेतृत्व तहबाट एक अर्को मुलुकमा भ्रमण नभएको स्थितिको अन्त्य गरेको बताए । 'उच्चस्तरमा भएको द्विपक्षीय वार्ताबाट छिमेकीका संवेदनशील विषयमा नेपालले पालना गर्दै आएको नीतिको पुनःपुष्टि भएको छ, राजनीतिक तहमा विश्वासको वातावरण बनेको छ । पूर्वाधार निर्माण, व्यापार, लगानी तथा जनस्तरको सम्बन्ध विस्तारमा द्विपक्षीय सहयोग र सहकार्यलाई तीव्रता दिने मार्गप्रशस्त भएको छ र अझ महत्वपूर्ण त नेपाल र नेपाली जनताप्रति चिनियाँ नेताहरूको सद्भावमा अभिवृद्धि भएको छ,' प्रधानमन्त्री दाहालले भने ।

संयुक्त राष्ट्रसङ्घको महासभामा प्रधानमन्त्रीस्तरमा भएको सहभागिताबाट नेपालको शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउन संयुक्त राष्ट्रसङ्घ र अन्तर्राष्ट्रिय समुदायको सद्भाव हासिल गर्ने, नेपालमा द्वन्द्वबाट शान्तितर्फ रुपान्तरणको सफल उदाहरणलाई अन्तर्राष्ट्रिय समुदायले उचित मान्यता दिनुपर्ने, दिगो विकासका लक्ष्यको कार्यान्वयन तथा जलवायु परिवर्तनका प्रभावबारे नेपाललगायत अतिकम विकसित मुलुकका चुनौती र तिनको सम्बोधनका लागि विश्वसमुदायको ध्यानाकर्षण गराउने विषयमा नेपाल यसपटक देखिने गरी प्रस्तुत गर्न सफलता मिलेको प्रधानमन्त्री दाहालले सदनलाई जानकारी गराए ।

## प्रधानमन्त्रीको भ्रमणबाट चीनसँगको सम्बन्धमा नयाँ आयाम

नेकपा माओवादी केन्द्रले पार्टी अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को चीन भ्रमणले विश्वासको वातावरण बनाउँदै समृद्धिका लागि सम्भावनाको नयाँ ढोका खोलेको निष्कर्ष निकालेको छ । पार्टी कार्यालय पेरिसडाँडामा आयोजित नियमित पत्रकार भेटघाटमा पार्टी उपाध्यक्ष एवम् प्रवक्ता अग्निप्रसाद सापकोटाले प्रधानमन्त्री दाहालको चीन भ्रमणबाट दुई देशबीचको सम्बन्ध सुदृढ, सहकार्य र सम्बन्धमा नयाँ ढोका खुलेकाले पूर्णरुपमा सफल भएको टिप्पणी गरे । प्रवक्ता सापकोटाले भने, 'प्रधानमन्त्री दाहालको चीन भ्रमणले दुई देशका सम्बन्धमा नयाँ आयाम थपिएको छ । कोभिड–१९ सङ्क्रमणपछि हुन नसकेको उच्चस्तरीय भ्रमणको शृङ्खला जोडेको मात्र होइन, उठिरहेका विभिन्न प्रश्न, संशय निवारण भएको छ ।' प्रधानमन्त्री दाहालको भ्रमणका क्रममा भएका सहमति र द्विपक्षीय सम्बन्ध विस्तारका साथै एकअर्काबीचको संवेदनशीलता र बाध्यता बुझ्ने पाटोबाटसमेत महत्वपूर्ण रहेको उनको भनाइ छ । नेपालको राष्ट्रिय योजना आयोग र जनवादी गणतन्त्र चीनको राष्ट्रिय विकास तथा सुधार आयोगबीचको सहकार्यसम्बन्धी समझदारी आफैँमा महत्वपूर्ण रहेको प्रवक्ता सापकोटाले टिप्पणी गरे । भ्रमणका अवसरमा भएका सहमति र समझदारीले दुई देशबीचको आर्थिक विकासको आधार तयार भएको उल्लेख गर्दै उपाध्यक्ष सापकोटाले दुई आयोगबीच भएका सहमति विकासका लागि महत्वपूर्ण हुने विश्वास व्यक्त गरे । यस्तै नेपाल र चीनबीच विद्युत् आदानप्रदानका लागि महत्वपूर्ण मानिएको चिलिमे–केरुङ दुई सय २० केभी क्षमताको प्रसारण लाइन निर्माणमा सहकार्य गर्ने सहमति पनि उत्तिकै महत्वपूर्ण रहेको प्रवक्ता सापकोटाले उल्लेख गरे । कृषि, पशुपालन तथा औद्योगिक विकास तथा डिजिटल अर्थतन्त्रलगायतका विषयमा प्रधानमन्त्री दाहालको भ्रमणका क्रममा उल्लेखनीय सहमति भएको भन्दै उनले चिनियाँ राष्ट्रपति र प्रधानमन्त्रीस्तरमा भएका छलफल आफैँमा महत्वपूर्ण रहेको बताए । नेपाल र चीनबीच रहँदै आएको राजनीतिक, सांस्कृतिक एवम् जनस्तरको मैत्री सम्बन्धलाई प्रधानमन्त्री प्रचण्डको भ्रमणले नयाँ मार्ग प्रशस्त गरेको स्पष्ट पार्दै प्रवक्ता सापकोटाले चीनले विज्ञान तथा प्रविधिका क्षेत्रमा गरेको विकास नेपालका लागिसमेत महत्वपूर्ण रहेको र सहयोग गर्ने प्रतिबद्धता जनाएको तथा प्रविधि हस्तान्तरण गर्ने सहमति भएको उल्लेख गरे । संयुक्त राष्ट्रसङ्घको महासभामा प्रधानमन्त्री प्रचण्डले दर्जन बढी बैठक र छलफलमा सहभागी भई नेपालको शान्ति प्रक्रिया मौलिक र उदाहरणीय रहेकाबारे विश्वसमुदायलाई जानकारी गराएको बताए । विश्व समुदायलाई ध्यानाकर्षण गराउने गरी नेपालको मौलिक प्रकारको शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउनका लागि प्रधानमन्त्री प्रचण्डले सहयोगको आह्वान गर्नु आफैँमा उल्लेखनीय रहेको प्रवक्ता सापकोटाको कथन छ । शान्ति प्रक्रिया सुरु भएपछि विभिन्न चार वटा आवधिक निर्वाचन सम्पन्न हुनु सफलताको पाटोबाट शक्तिशाली उदाहरण भएको बताउँदै उनले विश्व शान्तिमा नेपालले खेलेको भूमिकाको सबैले प्रशंसा गरेको उल्लेख गरे । जलवायु परिवर्तनका कारण संसारभर देखापरेको असरलाई न्यून गर्न प्रधानमन्त्री प्रचण्डले संयुक्त राष्ट्रसङ्घमार्फत शक्ति राष्ट्रको ध्यानाकर्षण गराएको तथा अल्पविकसित देशको अध्यक्षको हैसियतले महत्वपूर्ण छलफलमा सहभागी भई विश्व समुदायलाई आफ्ना प्रतिबद्धता पूरा गर्न अनुरोध गरेको बताए । राष्ट्रिय सवालमा बृहत् छलफल गरेर राष्ट्रिय एकरुपता कायम गर्नुपर्नेमा जोड दिँदै प्रवक्ता सापकोटाले राजनीतिक दल इमानदार भएर अगाडि बढ्नसके सबै समस्याको समाधान हुने उल्लेख गरे । मुलुकभित्र देखापरेका तमाम समस्या समाधानका लागि सरकार र नेतृत्वको हिसाबले प्रधानमन्त्री प्रचण्डले विशेष पहल गरिरहेको उल्लेख गर्दै प्रवक्ता सापकोटाले सामाजिक न्यायसहितको सुशासन र समृद्धि हासिल गर्नु नै पहिलो कार्यभार भएको बताए । देशभित्रै युवालाई रोजगारी प्रदान गर्न सरकारले पहल गरिरहेको तथा आर्थिक विकास, जनताको जीवनस्तर उठाउने, गरिबी हटाउन उल्लेखनीय पहल गरिरहेको उनको भनाइ छ । राष्ट्रियरुपमा साझा सवालमा गहन छलफल गरी एकरुपता कायम गरी अघि बढ्नुपर्ने आवश्यकता औंल्याउँदै प्रवक्ता सापकोटाले भूराजनीतिक जटिलता जटिल र पेचिलो रहेसँगै समृद्धिको सम्भावना पनि त्यतिकै रहेको धारणा राखे । उच्च शिक्षा तथा रोजगारीका लागि विदेश पलायन भएका युवालाई स्वदेश फर्काउन सरकारले काम गरिहेको बताउँदै उपाध्यक्ष सापकोटाले समाजिक न्यासहितको सुशासन र भ्रष्टाचार नियन्त्रण सरकारले उल्लेखनीय सफलता हासिल गरेको धारणा राखे । माओवादी केन्द्र र सरकार जनताको आवाज सुन्न र मन जित्न तत्पर रहेको विभिन्न राजनीतिक पार्टी परित्याग गरी माओवादी केन्द्रमा बढिरहेको प्रवेशको लहर नै चलेको उनले भनाइ छ । नेपाली जनताको ठूलो त्याग र बलिदानबाट प्राप्त राजनीतिक उपलब्धिलाई संस्थागत गर्दै आर्थिक विकास र समृद्धिको यात्रामा सरकार अगाडि बढेको र जनताको जीवनमा परिवर्तन गर्ने गरी काम गरिरहेका उनको भनाइ छ । शिक्षक, चिकित्सकका असन्तुष्टिलाई समेत सरकारले सम्बोधन गरेको स्मरण गर्दै प्रवक्ता सापकोटाले जनतासँग जोड्ने अभियानमा रुपान्तरण, आलोचना र समर्थनको प्रश्न गम्भीररुपमा उठेको बताए । माओवादी केन्द्रका कोषाध्यक्ष तथा पार्टी कार्यालयका प्रमुख सचिव श्रीराम ढकाल र पार्टी प्रचार विभाग सचिव एवम् प्रधानमन्त्रीका सल्लाहकार गोविन्द आचार्यले पार्टीको तीनमहिने रुपान्तरण, अध्यक्ष प्रचण्डको संयुक्त राष्ट्रसङ्घको महासभामा सहभागिता र चीन भ्रमणलगायतका समसामयिक विषयबारे उठ्न सक्ने प्रश्नका बारेमा जानकारी गराए ।

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे |

| जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १८:०० बजे | १९:१२ बजे |

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभभ्का : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ्क : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
मान तथा पद पाइएला, धार्मिक तथा सामाजिक कार्यहरु सम्पन्न होलान ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धनधान्यको वृद्धि होला, मित्र तथा शुभचिन्तकको सहयोगले काम कार्यमा सफलता होला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
छोराछोरीको प्रगतिबाट प्रसंशा मिल्ला, मान्यजनको सहयोग सद्भाव पाउनाले आत्मबल निकै बढ्नेछ,।

स्वास्थ्यमा सुधार आउनेछ, बैबाहिक तथा भोजमा सहभागी भइएला ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कृषि कार्य तथा ब्यबसायबाट निकै लाभ होला, समग्रमा आजको दिन राम्रै माान्नपर्छ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
काम कार्यमा ढिलाई होला, मानसिक अशान्ति तथा फजुल खर्च होला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
इस्टमित्रबाट धोका पाइनेछ, अध्ययन अध्यापनमा पनि बाधा आइपर्ला।

**वृश्चिक -** तो,ना,नि,नु,ने,नो,या,यि,यु
माता तथा मावलितर्फबाट बिशेष सहयोग पाइनेछ, काम कार्यमा सफलता तथा सुख प्राप्त हुनेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
राज्यसम्बन्धी काममा भने केहि प्रतिकुल हुनसक्छ । सामाजिक तथा परोपकार सम्बन्धी कार्यहरु गरिएला।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन अध्ययन अध्यापन तथा धार्मिक कार्यहरु सफल होलान ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
शत्रुहरु गुप्तरूपले सक्रिय रहलान, बिनाकारण अपजस पाइएला । व्यापार ब्यबसायमा नोक्सान होला।

आजको दिन पत्नी आज्ञाकारी हुनेछिन, दैनिक जीवनका कार्यहरु सुधार हुदै जालान ।

# भक्तपुरमा ऐतिहासिक मुपात्र जात्रा आरम्भ

*भक्तपुरको भैरव मन्दिरबाट मुपात्र जात्रा निकाल्छ । इन्द्रजात्रासम्बन्धी लोककथनअनुसार स्वर्गका राजा देवराज इन्द्रकी आमा वसुन्धरालाई भाद्र शुक्ल चौथीका दिन व्रत बस्न पारिजात फूलको खाँचो पर्यो । इन्द्रले आफ्ना छोरा जयन्तलाई पारिजातको फूल खोज्न पठाए । जयन्त पारिजातको फूल खोज्दै दैत्यहरूको बगैँचामा प्रवेश गरे । दैत्यहरूले पक्रेर दोबाटोमा लगेर खम्बामा बाँधेर राखे । यो कुरा इन्द्रले थाहा पाई दलबलसहित आएर दैत्यहरूसँग लडाइँ गरे । लडाइँमा इन्द्रको जित भयो ।*



**रासस**
**भादगाउँ ।**
इन्द्रजात्राको अवसरमा मनाइने भक्तपुरको मुपात्र जात्रा आजबाट सुरु हुने भएको छ । विभिन्न धार्मिकग्रन्थका आधारमा तयार पारेको मुपात्र जात्रा यहाँ तीन दिन मनाइन्छ । जात्रामा मुपात्र प्रमुख र धिःचा नामक अन्य दुई जना सहायकसहित तीनजनालाई राक्षसको पोशाक लगाई अनुहारमा विभिन्न रङ लगाई शृङ्गारपटारका साथ तरबार समात्र लगाई भक्तपुर नगर परिक्रममा गराउने चलन छ । नगर परिक्रमा गर्दा भक्तपर नगरको टोल–टोलमा ठड्याइराखेको यमःद्योलाई मुपात्र राक्षसले तीनपटक घुमेर तरबारले हान्ने गर्दछ । जात्रा सुरु हुनुअघि स्थानीय सःकुलान टोलका मानन्धर समुदायले दत्तात्रयस्थित भीमसेन मन्दिर अगाडि एक जोडा याँमता (आकाश दीप) बालिन्छ । इतिहासकारका अनुसार याँमता त्रिशूल आकारको हुन्छ । त्रिशूलमा जस्तै माथि फर्किएका तीनवटा टुप्पामा बालिने बत्ती नै याँमता अर्थात् आकाश दीप हो । साथै तचपालस्थित सँला गणेशलाई खटमा राखी भक्तपुर सहर परिक्रममा गराई सँला गणेशजात्रा गरिन्छ । त्यसपछि मुपात्र जात्रा निकालिन्छ । जात्रामा याँमता, गणेश र मुपात्रलाई यमःद्यो भएको ठाउँमा परिक्रमा गराइन्छ । जात्राको दोस्रो दिन बेलुका गोमारीको मानन्धर समुदायको याँमतासँगै चोछें टोलको छुमा गणेशको जात्रा गरिन्छ । यस दिन गोमारीको मानन्धर समुदाय छुमा गणेशकहाँ गएर सुकुना बालेर आइसकेपछि गोमारी मानन्धर चोकमा एउटा याँमता बालेर जात्रा सु्रु गरिन्छ । याँमता बालिसकेपछि चोछें टोलको छुमा गणेशको मूर्तिलाई खटमा राखी दरबार स्क्वायरको तलेजु भवानीको दर्शन गराइन्छ । याँमता दरबार स्क्वायर पुगेपछि विभिन्न बाजागाजाका साथ याँमता, छुमा गणेश र मुपात्र जात्रा गरी नगर परिक्रमा गराइन्छ । राति सँला गणेश र छुमा गणेशलाई आ–आफ्नो द्योःछे (देवगृह)मा पुर्याइन्छ । जात्राको तेस्रो दिन अर्थात् आश्विन कृष्ण चौथीका दिन तमारीमा रहेको आकाश भैरवलाई गुठी संस्थान कार्यालयबाट विधिवतरूपमा बलिसहितको सरकारी पूजा गरिन्छ । पूजा सकिएपछि तल्लो टोल तपालछीं र तेखाचोका मानन्धर समुदायले भैरवनाथको मन्दिरमा गई सुकुना बालेर ल्याउँछन् । त्यही सुकुनामा बुलुचास्थित ढुङ्गेधारामा एकजोडा याँमता बालिन्छ । बालिसकेपछि याँमतासँगै त्यसको पछाडि तमारीको आकाश भैरवको अर्को स्वरुप मसान भैरवको खट जात्रा गारिन्छ । यस दिन जात्रामा नायखिङ (खड्गी समुदायको विषेश)बाजा बजाएर भैरवनाथको खटलाई नगर परिक्रमा गराइन्छ । भैरवको खट जात्रा गरेपछि स्थानीय लाकुलाछें टोलका समुदायले बाँसको मान्द्रोमाथि निलो कपडाले छोपेर अगाडिको भागमा हात्तीको सुँढ राखी तयार गरिएको पुलुकिसी जात्रा सुरु गरिन्छ । तमारीको भैरव मन्दिर अगाडि तीनपटक घुमेर पुलुकिसी जात्रा सुरु गर्छ । जात्रामा पुलुकिसीलाई चार जना मानिसले बोकेर ल्याइन्छ भने एक जनाले पुलुकिसीभित्र बसेर घण्टा बजाएर आउने परम्परा छ । जात्रामा पुलुकिसीले कथंकदाचित मुपात्रलाई भेट्यो भन्ने कुल्चेर मार्दा पनि हात्ती बन्ने पात्र र उनका सहयोगीलाई कुनै कानुन नलाग्ने भएकाले यस दिन पुलुकिसी जात्रा नगरको आधाभन्दा बढी ठाउँमा परिक्रमा गरेपछि मात्र मुपात्र जात्रा निकालिन्छ । यस दिन भक्तपुरको भैरव मन्दिरबाट मुपात्र जात्रा निकाल्छ । इन्द्रजात्रासम्बन्धी लोककथनअनुसार स्वर्गका राजा देवराज इन्द्रकी आमा वसुन्धरालाई भाद्र शुक्ल चौथीका दिन व्रत बस्न पारिजात फूलको खाँचो पर्यो । इन्द्रले आफ्ना छोरा जयन्तलाई पारिजातको फूल खोज्न पठाए । जयन्त पारिजातको फूल खोज्दै दैत्यहरूको बगैँचामा प्रवेश गरे । दैत्यहरूले पक्रेर दोबाटोमा लगेर खम्बामा बाँधेर राखे । यो कुरा इन्द्रले थाहा पाई दलबलसहित आएर दैत्यहरूसँग लडाइँ गरे । लडाइँमा इन्द्रको जित भयो । दैत्यहरूले इन्द्रको सेनालाई जयन्त भएको स्थानमा लिएर गए । त्यहाँ दैत्यहरूले जयन्तलाई बाँधेको डोरी काटेर क्षमायाचना गर्छन् । दैत्यहरूलाई जनतामाझ सहर परिक्रममा गराइएको भन्ने विभिन्न ग्रन्थमा उल्लेख भएबमोजिम ग्रन्थको कथामा आधारित गरी यो जात्रा प्रारम्भ गरिएको किंवन्दती रहेको इतिहास तथा संस्कृतिविद् प्राडा पुरुषोत्तम लोचन श्रेष्ठ बताउँछन् । जात्रामा मुपात्र बन्ने व्यक्तिको आजन्म जात जाने र भातपानी नचल्ने सजाय भोग्नुपर्ने प्रचलन रहेको छ । मुपात्र बन्ने व्यक्तिलाई अछूतको व्यवहार गरिन्छ । त्यसैले यो जात्रामा स्थानीय बासिन्दा नभई विकट ठाउँकालाई मुपात्र बनाउने गुठी संस्थानले जनाएको छ ।




# बालकरामले रचे पहिलो इतिहास

**रमेश गिरी**
**भक्तपुर ।**
साँझ ढल्किँदै जादा मध्यपुरथिमि नगरपालिका–५ दिगुटोलस्थित दिगु भैरव अगाडि मानिसहरुको भिड थपिँदै गयो । मध्यपुरथिमिका साथै भक्तपुर, ललितपुर, काठमाडौँ, काभ्रे, कीर्तिपुरदेखि जिब्रो छेड्ने जात्रा हेर्न आएकाको भिड दुई पोखरीसम्मै बाक्लिँदै गयो । करिब ७ः१५ बजे बाँसको चिम्टी बजाउँदै एकहुल मानिसहरु हातको साङ्लो बनाएर दिगु भैरब अगाडिको मञ्चमा आइपुगे । जात्रालु सबैको ध्यान त्यतै केन्द्रित भयो । एकछिनपछि कर्मी नाइके बाबुकाजी श्रेष्ठलाई लिएर एक समूह आइपुग्यो । त्यसको केही क्षणमै अर्को समूहसँग थिमि लाय्कुको पमा नायो श्यामकृष्ण श्रेष्ठ परम्परागत पोशाकमा हनुमान ढोका दरबारबाट ल्याएको राज खड्ग लिएर डबलीमा आए । त्यसपछि दिगुभैरव मन्दिरमा गुरुको उपस्थितिमा भैरवको पूजा गरेपछि 'येंयाँ पुन्ही म्ये प्वा खनेगु' जात्रालाई जिब्रो छेडेर निरन्तरता दिन मध्यपुरथिमि नगरपालिका–५ चोडेटोल निवासी बालकराम नानी श्रेष्ठलाई परम्परागत पोशाक लगाएर डबलीमा ल्याइयो । यहाँका बासिन्दाले जयजयकार गरे । जिब्रो छेड्न तयार भएका बालकरामलाई छोएर कर्मी नाय श्रेष्ठले वरिपरि अक्षता फूल छर्किएर देवीदेवता पुकारे । रातिको ७ः४० बजे रामभक्त नकर्मीले एक महिना अगाडि बनाएको १० इन्च लामो तीनवटा मुख भएको सुइरो कर्मीनाय श्रेष्ठले बालकरामको जिब्रो छेडीदिए । टाउँकोमा बाँधेको कपडामा सियो अड्काएर जिब्रो छेडेको सुइरोको तीनवटा टुप्पोलाई जिब्रोमै घुमाईदिए पछि हजारौको जयजयकार गुञ्जियो । त्यसपछि सबैलाई नमस्कार गर्दै चन्द्राँकारको भ्वाय् अर्थात् ४० किलो तौलको महाद्वीप बोकेर निस्किनुभयो बालकराम । उनीलाई स्थानीय जात्रा व्यवस्थापन समिति, परिवार एवं टोलवासीले साथ दिइरहे । महाद्विप बोकेर उनले सुरु गरेको थिमिदेखि पशुपतिनाथसम्मको अविचलित यात्रा सफल पारेर नयाँ इतिहास रचे । बालकरामले दिगु भैरव मन्दिर अगाडि जिब्रो छेडेर महाद्विप बोकेर चोडे टोलको कामदेव, महालक्ष्मी, निलवर्ण गणेश, सिद्धिकाली मन्दिर पुगे । त्यसपछि सिद्धकाली चोकबाट पुरानो थिमिको मूल सडक हुँदै सानोठिमी, सिनामङ्गल, महादेव चोक, पेप्सीकोला चोक, विमानस्थलको पूर्वीद्वार, सान बैंक्वेट चोक, गुहेश्वरी मन्दिर पुगेर परिक्रमा गर्दै पशुपतिनाथको मन्दिर पुगे । राति १०ः४० बजे पशुपति मन्दिरमा बालकरामको जिब्रोमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले चाँदीको कचौरामा रहेको तेल सुनको चम्चाले झिकेर हालिदिए । त्यसपछि पशुपति मन्दिरलाई परिक्रमा गरी त्यही मार्ग हुँदै फर्किए बालकराम । सयांै स्थानीयलाई अगाडि पछाडि लगाएर जयजयकार गर्दै १७ किमीको यात्रा पार गर्दै थिमि आएर बालकुमारी मन्दिरमा सियो झिकेर नित्यनाथको माटोे जिब्रोमा राखेपछि मध्यराति २ बजे जात्रा सम्पन्न गर्दै बालकरामले पहिलोपटक इतिहास रच्न सफल भए । उनको खाली खुट्टाको पैदल यात्रालाई जात्रा व्यवस्थापन समिति, परिवार तथा आफन्त, टोलवासी र मध्यपुरथिमिका सयौले पशुपति मन्दिरसम्म जयजयकार गर्दै पैदल यात्रालाई साथ दिए । जात्रामा हौसला प्रदान गर्न मध्यपुरथिमि प्रमुख सुरेन्द्र श्रेष्ठदेखि उपप्रमुख विजयकृष्ण श्रेष्ठले समेत थिमिदेखि पशुपतिसम्म नै पुगेर साथ दिए । पहिलोपटक प्रत्यक्षरुपमा जिब्रो छेडेको हेर्न मध्यपुरथिमिको द्विगुली पुगेका मन्त्री किरातीले यो जात्रालाई विश्वव्यापीरुपमा ब्राण्डिङ गरेर लाखौ पर्यटक भित्र्याउन सकिने बताए । मन्त्री किरातीले भने, 'संस्कृतिलाई जोगाउन सकेन भने अमर नरहन सक्छ, त्यसैले संस्कृतिलाई पर्यटन उद्योगसँग जोडेर लैजानुपर्र्छ, नेपालको संस्कृतिमा पर्यटन मिसाउनुपर्छ, यो जात्रालाई विश्वव्यापीरुपमा ब्राण्डिङ गरेर लाखौ पर्यटक भित्र्याउन सकिन्छ ।'



### लोप भइसकेको जात्रालाई थिमिवासीले दिए पुनःजीवन

यसअघि २०७५ सालमा जिब्रो छेडाएर आफ्नो टोल घुम्न भएका बालकरामले यसवर्ष दोस्रो पटक जिब्रो छेडाएर इतिहास रच्न सफल भए । बालकरामले भने, 'यसपटक मैले इतिहास रच्ने लक्ष्यका साथ जिब्रो छेडाएर पशुपतिसम्म जाने अठोट गरेको थिएँ, त्यो अठोट पूरा गरेँ । मेरो आँटलाई सबैको सहयोग, साथ र पशुपतिनाथ तथा बालकुमारीकोे शक्तिले मेरो यात्रा पूरा भयो ।' देशमा आउन सक्ने कुनै पनि सङ्कट, प्राकृतिक प्रकोप, डर, त्रास, भय रोक्दै पुर्खाले सिर्जेको संस्कृतिलाई बचाउन आफूले जिब्रो छेडेर पशुपतिसम्मको यात्रा पूरा गरेको उनले बताए । पुर्खाले पूर्वमा काभ्रे पनौतीसम्म, उत्तरमा चाँगुनारायण मन्दिरसम्म र पश्चिममा पशुपतिनाथ मन्दिरसम्म जिब्रो छेडेर महाद्विप बोकेर गएको भन्ने सुन्दै आएको भए पनि यसपटक आफूले पशुपतिसम्मको यात्रा पूरा गरेर पुर्खाले गरेका कठिन यात्रा सम्भव थियो भन्ने सन्देश दिन पनि सफल भएको उनको भनाइ छ । दुई दशक रोकिएर लोपोन्मुख अबस्थामा पुगेकोे यो जात्रालाई २०७४ सालमा वीरेन्द्रभक्त श्रेष्ठले जिब्रो छेडाएर पुनर्जीवन दिए भने २०७५ सालमा बालकरामले जिब्रो छेडाउनु भयोे । विसं २०७६ देखि कोरोना महामारीका कारण रोकिएको जात्रा २०७९ पुनः वीरेन्द्रभक्तले जिब्रो छेडाएर पुनः निरन्तरता दिएका थिए । मध्यपुरथिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले बालकरामले कठिन यात्रा पूरा गरेको बताउदै भने, 'त्यति ठूलो सियोले जिब्रो छेडाएर काठबाँसबाट बनेको लहरै बलेको महाद्विप बोकेर पशुपतिसम्म पुगेर फर्किनु कम चुनौती र कठिन काम होइन, यसलाई बालकरामले पूरा गरेर थिमिको शान उच्च राख्न सफल भए । उनको यो साहसले भावी पुस्तालाई जात्राप्रति प्रेरित गर्ने र नयाँ पुस्तामा जात्रालाई निरन्तरता दिन आँट प्रदान गर्ने विश्वास लिएको छु, नगरपालिकाले यस्ता मूर्त अमूर्त कला, संस्कृतिको संरक्षणमा नियमित सहयोग गर्नेछ ।' नगरपालिकाका उपप्रमुख विजयकृष्ण श्रेष्ठले मध्यपुरथिमिको ऐतिहासिक पहिचानलाई यो जात्राले विश्वभर फैलाउने सफल भएको बताए । उनले नेपालमा मात्रै नभएर विश्वमै अनौठो मानिने यो जात्रालाई यहाँको ठूलो विशेषता हो भन्दै उपप्रमुख श्रेष्ठले ३५० वर्षभन्दा अगाडिदेखि यो जात्रालाई निरन्तरता दिन नगरपालिकाले आवश्यक सहयोग गर्ने बताए । उपप्रमुख श्रेष्ठले भने, 'जिब्रो छेडेर महाद्विप बोकेर थिमि घुम्न निकै थाकिन्छ, त्यसमाथि खाली खुट्टाले पशुपतिसम्म महाद्विप बोकेर परिक्रमा गरेर फर्किन सफल हुनु आफैंमा अब एउटा इतिहास बन्यो, यसले युवा र नयाँ पुस्ताका लागि सकारात्मक सन्देश दिएको छ ।'



### यस्तो छ पौराणिक कथन

परापूर्वकालमा मध्यपुरथिमिका बासिन्दाहरुमा विभिन्न रोग, डर र भयले त्रसित बनाई बस्ती आसपासमा भूत, प्रेत र पिशाचले दुःख दिए । यस्तो भयलाई पार लाउन एक तान्त्रिकले आराध्यदेवी श्री बालकुमारी माईको साधना गरी उनको दिव्य उपदेशअनुसार भाद्र शुक्ल पूर्णिमाका दिन एक साहसिक व्यक्तिलाई फलामको सियोले जिब्रो छेडेर नगर परिक्रमा गराइयो । ती साहसिक व्यक्तिले आफनो बस्तीबाट भूत, प्रेत, पिशाच भगाउन र बस्ती नजिकका अर्को बस्तीहरु चाँगुनारायण, गुहेश्वरी, पशुपतिसम्म रहेका भूत, प्रेतले पनि दुःख नदिउन् भनेर जिब्रो छेडेर थिमिबाट चाँगुनारायण, पशुपतिसम्मका बस्तीहरुमा महाद्विप बोकेर घुमेर यहाँका बासिन्दालाई भयरहित बनाउन, बस्तीमा सुरक्षा एवं सहकाल भित्र्याउन जिब्रो छेडने गरेको पौराणिक कथन रहेको जात्राका नाय पमा श्यामकाजी पमा श्रेष्ठ बताउँछन् । यो ऐतिहासिक जात्रा २०२६ सालदेखि लोप भइसके पनि २०५० सालबाट मध्यपुरथिमि पोडे टोल निवासी कृष्णनानी श्रेष्ठले तीन पटक जिब्रो छेडेर जात्रालाई जीवन्तता प्रदान गरेको जात्रा व्यबस्थापन समितिका अध्यक्ष चन्द्रकृष्ण श्रेष्ठ बताउँछन् । जिब्रो छेड्ने जात्रामा थुप्रै व्यक्तिहरुलाई आफैले भोज खुवाउनु पर्ने सबै खर्च व्यवस्थापन आफैंले गर्नु पर्दा हुने आर्थिक अभावले जात्रा लोपोन्मुख अबथामा पुगेको उनको भनाइ छ । विसं २०७४ बाट स्थानिय युवाहरु, संस्कृतिप्रेमी अग्रजहरु तथा जननिर्वाचित प्रमुखहरु सक्रिय भई जात्राको सम्पादन र व्यवस्थापन गर्ने यया पुन्हिया मेंय् प्वाः खनेगु जात्रा व्यवस्थापन समिति गठन गरेर जात्रालाई व्यवस्थित गर्ने क्रममा मध्यपुरथिमि–४ बालकुमारी निवासी वीरेन्द्रभक्त गजु श्रेष्ठले २०७४ र २०७९ सालमा जिब्रो छेडेर जात्रालाई निरन्तरता दिएको उनले जानकारी दिए । जात्राको लागि एक महिना अगाडि नै नातु (सुइरो) बनाउन पूजा लिएर नकर्मीको घरमा खबर गर्ने परम्परा छ । नकर्मीले तीन तीर भएको नातु बनाई एक महिना शुद्द तोरीको तेलमा डुबाएर राखिन्छ । त्यसपछि जिब्रो छेड्नु भन्दा आठ दिन अगाडि द्यः दुसालेगु भनि बालकुमारी मन्दिरमा ११ वटा किसली (माटोको प्यालामा चामल सुपारी र सिक्का राखेको भाग) दिइन्छ ।

जिब्रो छेड्ने जात्राको चार दिनअघि थिमिको लाय्कूका पःमाहरुले हनुमानढोका दरवारमा गएर ल्याएको राज खड्गलाई जात्रामा डबलीमा राखिन्छ । इन्द्रजात्राको दिनमा बालकुमारीमा रातो भालेको बलि दिएर पूजा गरी भोज खाइन्छ । येंया पुन्हीको दिनमा दुतानं (जामा) लगाएर बालकुमारीमा पूजा गरिन्छ । यो दिन जिब्रो छेड्ने व्यक्ति मौन व्रत बस्नुपर्दछ । जिब्रो छेड्ने दिन साँझ बालकुमारीदेखि दिगुभैरवसम्मको स्थानमा बत्ति दिनु पर्छ । त्यसपछि दिगुभैरव मन्दिरमा गुरुको उपस्थितिमा भैरवको पूजा गरेसँगै जिब्रो छेड्ने व्यक्तिमा दैवि शक्ति प्राप्त हुने जनविश्वास रहेको छ । जात्राको दिन सयौं जनमानस सामु जामनः गुरु, नायःपमा, नकर्मी नाइकेको उपस्थितिमा नकर्मीले बनाएको १० इन्च लामो सुइरो कर्मी नायाले जिब्रो छेडेर महाद्विप बोक्न लगाई उनको इच्छाअनुसार नगरपरिक्रमा गराउने प्रचलन छ । सुइरो निकालिसकेपछि जिब्रोमा भएको प्वालमा नासः द्यः (नित्यनाथ) देवता परिसरको माटो राखिन्छ ।

मन्दिर परिसरमा ठोकेको सुईरोलाई हेर्दा यो जात्रा करिब ३५० वर्षभन्दा पुरानो हो भन्ने यकिन गर्न सकिने नाय पमा श्यामकाजी बताउँछन् । वर्षौ पहिले एकै पटक १७ जना व्यक्तिले, एकै परिवारको छ जनालेसम्म जिब्रो छेडेको पाईएको उनी बताउँछन् । बालकुमारी मन्दिर परिसरमा सुइरो निकालिसकेपछि घर गई मान्यजनबाट सगुन लिने, त्यसपछि जात्रामा सहभागी व्यक्तिहरुलाई भोज खुवाउने, भोलिपल्टको बिहान नातु पूजा भनि जिब्रो छेडेको सुइरोलाई बालकुमारी मन्दिरभित्र ठोक्ने र द्यः लित तवनेगु भनि विसर्जन पुजा गर्न गरिन्छ । जिब्रो छेड्ने व्यक्ति मध्यपुरथिमिको श्रेष्ठ थरकै हुनुपर्ने, आकाशद्वीप बोक्ने मानन्धरहरु नै हुनु पर्ने प्रचलन छ ।

यस्तै नातु बनाउने नकर्मी थरका व्यक्ति, राजखड्ग लिन जाँदा खड्गीहरुले नाखि बाजा बजाउने र कुस्ले (कपाली) ले मुहाली बजाउने परम्परा रहेको छ । मध्यपुरथिमिको बोडेमा प्रत्येक बैशाख २ गते हुने जिब्रो छेड्ने जात्रासँग यो जात्रा मिल्दोजुल्दो भएपनि यसको रुट भने फरक रहेको छ ।



*छानिए प्रतिनिधिः नेकपा एमालेको मधेश प्रदेश अधिवेशनका लागि हंसपुर नगरपालिकाबाट देवकृष्ण मण्डल, सुशील साह, देवनारायण मन्डल, सूर्यनारायण कापर, ध्रुवनारायण यादव, दीपेन्द्र यादव, रेनु देवी झा र रिता यादव प्रतिनिधि छनोट भएका छन् ।*

# एमाले मधेश अधिवेशनः सहमति कि निर्वाचनको सकस ?

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमाले अहिले प्रदेशव्यापीरुपमा अधिवेशनमा लागिपरेका छन् ।
नेपाल कम्यूनिष्ट पार्टी नेकपा सर्वोच्च अदालतको आदेशपछि व्युतिएको नेकपा एमाले पहिलो पटक प्रदेश अधिवेशनमा लागि परेका हुन् ।
यस क्रममा कतिपय प्रदेशमा प्रदेश अधिवेशन सम्पन्न भइसकेको छ भने अहिलेसम्म सबै नेतृत्व चयनका लागि शीर्षनेतृत्वलाई समेत चुनौती दिँदै एमाले प्रदेश अधिवेशनमा निर्वाचनबाटै नेतृत्व चयन भएको देखिन्छ । यसैक्रममा अहिले कोशी प्रदेशमा एमालेको प्रदेश अधिवेशन भइरहँदा छिमेकी प्रदेशको रुपमा रहेको मधेश प्रदेशमा पनि एमालेका नेतृत्वपंक्तिमा प्रदेश अधिवेशनमा लागिपरेका छन् ।
नेतृत्व चयन प्रक्रिया सहमतिमै गर्ने भनिएपनि मधेश प्रदेशमा पनि प्रदेश अध्यक्षसहित पदाधिकारीका आकांक्षी बढ्ने क्रम जारी नै छ । यसरी नियाल्दा एमाले मधेश प्रदेश कमिटीका लागि मधेश प्रदेशमा पनि निर्वाचनबाटै अध्यक्षसहित पदाधिकारीहरु निर्वाचित गर्नुपर्ने देखिन्छ ।
किनभने यहाँपनि अन्य प्रदेश झैँ मधेशमा पनि सहमति हुने छाँटकाँट देखिदैँन । यही असोज २३ र २४ गते मधेशको राजधानी जनकपुरधाममा एमाले मधेश प्रदेश कमिटीको प्रथम अधिवेशन हुँदैछ । यसको आन्तरिकरुपमा तयारी पनि भइरहेको छ । भने यसका तयारीका लागि विभिन्न समितिहरुसमेत गठन गरिएको प्रदेश अध्यक्ष रामअवतार यादवले जानकारी दिए ।
हुन त एमालेले एमालेमा कुनैपनि गुट नरहेको दावी गर्छन् । स्वयम् अध्यक्ष केपी शर्मा ओलीले नै एमाले गुट विनाको पार्टी रहेको बताइरहँदा बागमति प्रदेशमा अध्यक्ष र महासचिव ईश्वर पोखरेलको निर्देशनलाई बेवास्ता गर्दै गुटसहितको प्यानल नै निर्माण गरेर निर्वाचन सम्पन्न गर्नुपरेको बाध्यता रहेपनि एमालेका केन्द्रीय सचिव योगेश भट्टराईले मधेश र मधेश प्रदेशको कुनैपनि जिल्लामा गुट नरहेको जिकिर गर्दै आएका छन् । मधेश प्रदेशमा समेत अन्य प्रदेश झैँ यहाँपनि गुटबन्दी नहुने र सर्वसम्मतरुपमै नेतृत्व चयन हुने भनिएपनि एमालेका शीर्षनेतृत्व स्वयम् सशंकित छन् । तर यस मधेश प्रदेशमा भने अन्य प्रदेशमा भन्दा यस प्रदेशलाई विशेषरुपमा चाँसो लिँदै गरेका छन् ।
विगतमा भएको मधेश आन्दोलनको क्रममा मधेश केन्द्रित दलले एमालेलाई निषेध गरी एमालेलाई चेपुवा पारेपछि एमालेले मधेशलाई विशेष प्रदेशको रुपमा लिँदै पार्टी गतिविधिलाई निकै महत्वका साथ लिँदै आएका छन् । मधेश प्रदेशमा गुटबन्दी नहोउन् भन्ने ध्येयले गर्दा केन्द्रीय सचिव रघुवीर महासेठलाई कोशी प्रदेशको इन्चार्जको जिम्मेवारी दिएको छ । तथापि उनको नाममा एमालेकी पोलिटव्यूरो सदस्य जुलीकुमारी महतोले गुट संचालन गरिरहेको एमालेका एक केन्द्रीय सदस्यले जानकारी दिए । मधेश प्रदेशमा गुट नरहेको भनेपनि एमाले मधेश प्रदेशमा नेता रघुवीर महासेठ र केन्द्रीय सदस्य तथा एमालेका मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादव बीचको विवाद बेलाबखत सार्वजनिक भई नै रहेको छ ।
एमालेले प्रदेश अध्यक्षलाई केन्द्रीय सचिवालय सदस्य जिम्मेवारी रहने र प्रदेशका सम्पूर्ण गतिविधिका लागि विशेषाधिकार रहने भनेपछि अधिकांश केन्द्रीय सदस्यदेखि शीर्षनेतृत्वहरुको समेत प्रदेश अध्यक्ष पदमा ध्यानकेन्द्रीत गरेका छन् ।
धनुषाबाट एमाले मधेश प्रदेश अध्यक्षमा धनुषा जिल्ला अध्यक्ष रहेका राजकिशोर यादवको इच्छा छन् । उनीपनि आफ्नो दाउमा रहेका छन् । उनले आठ वटै जिल्लामा प्रदेश अध्यक्षका लागि परामर्शसहित लविंग थालिसकेका छन् । त्यस्तै प्रदेश अध्यक्षका लागि आकांक्षीका रुपमा पोलिटव्युरो सदस्य सुमन प्याकुरेल, पुरुषोत्तम पौडेल र रामदयाल मण्डल पनि छन् । तर उनीहरु भने आफैले आफ्नो नाम अघि सार्नमा सकस भइरहेको स्रोतको दावी छ ।
एमालेका सर्लाही जिल्लाका रेवती पन्त पनि अध्यक्ष पदका आकांक्षी हुन् । एमाले सर्लाहीका पुर्व अध्यक्ष रहेका पन्तले पनि आफ्नो मुभमेन्टलाई बढाउँदै लगेका छन् ।
भने पोलिटव्यूरो सदस्य देखि केन्द्रीय सदस्यलाई आफ्नो नाम सार्वजनिक गर्नमै कठिनाईसहित चुनौतीहरुको सामना गरिरहुनपरेको एमालेका एक नेताले बताए । त्यस्तै नेतृ जुली महतोले उद्योग वाणिज्य संघ मधेश प्रदेशका पुर्वअध्यक्ष शिवशंकर साह (हिरा)लाई अघि सार्ने दाउमा छन् । उनलाई श्रीमान रघुवीर र श्रीमति जुली महतोको समर्थन रहने छ ।
एमाले भित्रपनि मधेश प्रदेशको अध्यक्षका लागि मधेशी समुदायकै अनुहार हेर्न चाहेका अधिकांश मधेशी नेताहरु रहेका कारणलेपनि अन्य पहाडी समुदायका आकांक्षी नेताहरु हरेक जिल्लाका नेता तथा कार्यकर्ताको मन छाम्ने काम भइरहेको जनाइएको छ । मधेश प्रदेशमा गत निर्वाचनमा जनता समाजवादी पार्टी नेपालसँग गठबन्धन गरेर संसदीय निर्वाचनमा होमिएका थिए । जसका कारणले गर्दा एमालेले प्रतिनिधिसभाका ३२ सिटमध्ये ९ सीट जित्न सफल रह्यो भने प्रदेशसभामा पनि एमाले २३ वटा सीटसहित जित्दै मधेश प्रदेशकै पहिलो दल बन्न सफल भएको छ ।जसले गर्दा एमालेले मधेश प्रदेशमा सरकार बनाउने गरी प्रदेश अधिवेशनमा मिसन ०८४ लाई प्राथमिकतामा राखेर सोही अनुसारको नेतृत्वको खोजीमा रहेको देखिन्छ । यसका लागि एमालेका शीर्ष नेतृत्वसहितकाले मधेशलाई संवेदनशीलरुपमा लिँदै मधेशमा विगतमा जति कठिनाइ थियो, त्यति नै सहजढंगले एमालेमय बनाउने योजनामा रहेको एमाले मधेश प्रदेशका इन्चार्जसमेत रहेका सचिव भट्टराईको भनाइ छ ।
तर एमालेले सहमतिको माध्यमले गयो भने नयाँ गुटको शिकार हुनुपर्नेछ भने निर्वाचनको माध्यमले मधेश प्रदेशमा नेतृत्व चयन गर्दा सशक्त गुटबन्दीको शिकार हुनुपर्ने बाध्यतालाई बुझेको एमालेले मधेशको मनोविज्ञान र एमालेमा रहेका प्रवृत्तिलाई कसरी ठम्याउने भन्ने आशंकाको भुमरीको शिकार नहुने भन्ने कुरालाई कसरी बुझ्ने भन्ने समस्या र समाधानका उपायलाई साथमा लिएर हिड्नुपर्ने बाध्यता रहेको बुद्धिजिवीहरु बताउँछन् ।







# उज्वल सपनाद्वारा दुई युवालाई वैदेशिक रोजगारी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
उज्वल सपना एप्स मार्फत दुई जना युवाहरुले शुन्य लागतमा वैदेशिक रोजगारी प्राप्त गरेका छन् ।
जनकपुरधामका अमोद महरा र लक्ष्मीनिया गाउँपालिका लालबाबु यादव शुन्य लागतमा बैदेशिक रोजगारी पाएका हुन् । उनीहरु उज्वल सपना एपस डाउनलोड गरि आफ्नो पासवर्ड सहितको वायोडाटा एपसमा एपलाइ गरेपछि मलेशियाको एक कम्पनीमा शुन्य लागतमा काम पाएका छन् । इसरा इन्सिच्युटको सहयोगमा सेफ नेपालले धनुषामा सुरक्षित बैदेशिक रोजगारीका लागि उज्वल सपना एप्स डाउनलोड गराउने र जनचेतना मुलक कार्यक्रमको राम्रो प्रभाव परेको मलेसिया रिटर्न भएका जनकपुरधाम वडा नं. १७का अजय साहले बताए ।
यो एपसको नियन्त्रण र कार्यान्वयनको अनुगमन तथा प्रभावको लेखाजोखा इसारा इन्सिच्युटले गर्ने गरेको छ ।
नेपाल सरकारले मलेशिया लगायतका देशहरुमा फ्रि भिसा र फ्रि टिकटमा बैदेशिक रोजगारीमा जाने प्रावधान ल्याए पनि कार्यान्वयन फितलो रहेको छ ।
दिनहु बेरोजगार युवाहरु बैदेशिक रोजगारीमा जाने भनि एजेन्ट तथा मेन पावरबाट ठगिने गरेको सुचना बाहिर आउने गरेका छन् ।
बेरोजगारीको कारण रोजगारी पाउने आशामा युवाहरु ठगिने गरेको छ ।
आइतबार सेफ नेपालको आयोजनामा सुरक्षित बैदेशिक रोजगारीका लागि उज्वल सपना बारे सरोकारवालाहरुसँग अन्र्तक्रिया कार्यक्रम सम्पन्न गरेको छ । उज्वल सपना एपस मार्फत मलेशिया जाने कामदारहरुले रोजगार खोज्ने, प्रवासी कामदारहरुको सान्र्दभिक समाचार, र नीति नियमहरु, म्यानपावर कम्पनीहरु, रोजगार दाताहरु र सेवा प्रदायक संघ–संस्थाहरुको बारेमा सजिलै जानकारी पाउने गरेका छन् ।
यस एपस मार्फत कामदारहरुको हकहित तथा फाइदाका लागि विचार र अनुभव आदान प्रदान तथा रोजगारमुलक जानकारी प्राप्त गर्न सकिने सेफ नेपालको संयोजक विनोद महराले बताए ।
**कार्यक्रमको प्रमुख अतिथि** जनकपुरधाम उपमहानगरपालिका नगर उपप्रमुख किशोरी साहले भने– 'सरकारले स्थानीय तहमै श्रम स्वीकृति गरिने भनिए पनि हालसम्म कार्यान्वयन हुन छैन, यो एप्समा मार्फत केही युवाहरु फाइदा लिन सकुन ।' बैदेशिक रोजगारीमा जाने युवा धेरै मात्रा ठगिने भएकोले केही मात्रामा भए पनि यस एपसले सहयोग गर्ने आशा पलाएको बताए । कमसे कम राम्रो शुरुवात भएको छ । सवैले सहयोग गरौ र एपस डाउनलोड गरि मौका फाइदा उठाउन उनले सल्लाह दिएका थिए ।
कार्यक्रमको विशेष अतिथि जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी रन्जन अवाले बैदेशिक रोजगारीमा जाने युवाहरु विभिन्न बहानामा ठगिने र बढि पैसा कमाउने लोभमा मानव बेचविखनमा पर्ने गरेको बताए । भिजिट भिसामा जानेहरु बढि मात्रामा ठगिने गरेको पनि बताए । बैदेशिक रोजगारीमा जाने युवाहरु ठगिए पछि यस सम्बन्धी उजुरी वैदेशिक रोजगारी विभागले उजुरी लिने गरेको छ तर आवश्यकता अनुसार प्रहरीले पनि पिडितलाइ सहयोग गरिरहेको बताए । वैदेशिक रोजगारीको क्रममा बेचिने घटनाहरुमा प्रहरीले डारेक्ट उजुरी लिइ अनुसन्धान गरि न्यायको लागि पहल गर्ने गरेको पनि बताए । समाजमा अहिले ऋण पाउने अवस्था नरहेकोले यो एपस मार्फत केही युवाहरुले लाभ प्राप्त गरुन जनकपुरधाम उपमहानगरपालिका वडा अध्यक्ष रामवृक्ष यादवले बताए ।
पासवर्ड बनाउन युवाहरु वडा कार्यालयमा आउने गरेकोले यो एप्सको बारेमा जानकारी गराइ दिएपछि युवाहरुले एपस डाउनलोड गरि फाइदा लिन सक्ने वडा नं. १० की वडा सचिव जमुना भुजेलले बताइन् । यो एप्सलाइ जवसम्म व्यहारमा उतार्न सक्नु भएन भने फाइदा र घाटाको कुरा गर्न सक्नु हुन्न । एक पटक यो एपस डाउनलोड गरि यसबाट पाउने सुविधा प्राप्त गर्न प्रकृया जानु पर्नेबाट झनझट मान्नु हुदैन वक्ताहरुले बताएका छन् ।
अहिले बैदेशिक रोजगारीमा जाने युवाहरुबाट एजेन्ट तथा मेनपावरहरुले तीन लाखसम्म लिने गरेको विदेश जान लागेको युवा प्रकाश कुमार मण्डलले बताए ।

# जितिया संरक्षणमा सखि बहिनपाको सक्रियता

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मिथिलाको लोक पर्वको रुपमा रहेको जितिया पर्वको संरक्षणका लागि मिथिलाको सखि बहिनपा समुहले अग्रसरता देखाएको छ । प्रत्येक वर्ष झै यसवर्ष पनि सखी वहिनपा समुहले जनकपुरधामको गंगासागरको घाटमा पारम्परिक जितिया पर्व मनाएका हुन् ।
सखि वहिनपाकी भारती चौधरीको अगुवाईमा गरिएको कार्यक्रममा जितिया पर्वको महिमा र विशेषतालाई अझै उजागर गर्नका लागि जितिया पर्व मनाइएको बताइएको छ , समाजमा लोकपर्व लोप हुदै जानु र वाहिरी पर्वहरु हावी हुदै जानु समाज र मिथिलाका लागि दुःखद रहेको बताउदै यस पर्वको महिमा, विशेषता दर्शाउन आफुहरु उत्सवका रुपमा मनाएको सखि बहिनपाकी भारती देवी चौधरीले बताइन ।



यो समुहले गत वर्ष स्थानिय नोचा पोखरीमा गरेको जितिया उत्सवले खुवै चर्चा पाएको थियो ।
यस्ता गतिविधीले स्थानिय सरोबरहरुको पनि गरिमा बढने र जितिया पर्वको पनि प्रचार प्रसार भई लोकपर्वको संरक्षण हुने बिश्वास सखि बहिनपाको छ । सो अवसरमा जितियामा प्रयोग हुने प्रसाद र स्रोत साधनहरुको प्रदर्शनी, जितियामा हुने विधी र व्यवहारहरुको प्रदर्शनी गर्नुका साथै विभिनन सांस्कृतीक कार्यक्रम र गितगान प्रस्तुत गरिएको थियो ।

# अभियानद्वारा भू तथा जलाधार व्यवस्थापन कार्यालय घेराउ




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
चुरे तथा वन जंगल संरक्षण अभियान सिरहाले भू तथा जलाधार व्यवस्थापन कार्यालय लहानलाई घेराउ गरेको छ ।
आइतबार अभियान सिरहाका अभियानीहरुले कार्यालय घेराउ तथा कार्यालय परिसरमा प्रर्दशन गरेको हो । जनताको जग्गा नदिले कटान गरिरहदा पनि अवैध क्रसर उद्योगलाई संरक्षण गर्न तटवन्ध गरेर जनतालाई मार्कामा राखेको र यस सम्वन्धि सूचना माग्दा समेत सूचना लुकाएको तथा अनियमितता गरेको विरोधमा कार्यालय घेराउ गरि प्रर्दशन गरेको अभियानका राष्टिय सदस्य चन्द्रकिशोर यादवले बताए । उनका अनुसार धनुषाको मिथिला विहारी नगरपालिकाको वडा नं २ औरही खोलामा तटवन्ध निमार्ण गरेर अवैध क्रशर उद्योगलाई संरक्षण गरेको तथा जाली बोल्डर लगाउदा बोल्डर भन्दा पनि ठुलो प्वाल रहदा सबै बोल्डर बाढीमा वग्ने गरेको र त्यसमा पनि अनियमितता गरेको देखिएपछि सुचना माग गर्दा दिनबाट आनाकानी गरेको बताए ।
अभियानका राष्टिय सदस्य देवसिंह दनुवारको अगुवाईमा भएको कार्यक्रममा सोनिया देवी,विन्देश्वर पासवान, चन्द्रकिशोर यादव लगायत दजर्नो अभियानीको उपस्थिती रहेको थियो ।

# अवैध बोइलर कुखुरा नष्ट

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले भारतबाट भन्सार छली गरि अवैधरुपमा ल्याउदै गरेको बोइलर कुखुरा नियन्त्रणमा लिई नष्ट गरेको छ ।
आइतवार शहिदनगर नगपालिका ३ यदुकोहा स्थित सराबेबाट कुखुरा ल्याउदै गरेको अवस्थामा इलाका प्रहरी कार्यालय यदुकोहाबाट खटिएको गस्ती टोलीले नियन्त्रणमा लिएका थिए ।
सराबेबाट यदुकोहा तर्फ नम्वर नखुलेको मोटरसाईकलमा ३८ वटा अन्दाजी १ सय १४ केजी कुखुरा ल्याईरहेको अवस्थामा प्रहरीलाई देखेपछि कुखुरा फालि फरार भएको प्रहरीले जनाएको छ ।
फालेको कुखुरा नियन्त्रणमा लिएर प्रहरी कार्यालयमा ल्याई स्थानिय जनप्रतिनिधी,बुद्धिजिवी,भद्रभलादमी,समाजसेवी र पत्रकारहरुको रोहबरमा माटो मुनी पुरी नष्ट गरिएको धनुषा प्रहरीले जनाएको छ ।

# बालुवा उत्खनन् गर्ने ट्याक्टर नियन्त्रणमा




प्रहरीले अवैधरुपमा बालुवा उत्खन्न गर्ने एकवटा टयाक्टरलाई नियन्त्रणमा लिएको छ ।
मिथिला नगरपालिका वडा नं ४ औरही खोलामा अवैध उत्खनन गर्दै गरेको अवस्थामा इलाका प्रहरी कार्यालय ढल्केवरले एकवटा टयाक्टरलाई नियन्त्रणमा लिइएको हो ।
प्रहरीले जानकारि दिए अनुसार इलाका प्रहरी कार्यालय ढल्केवरबाट खटिएको प्रहरी टोलीले अवैधरुपमा औरही खोलामा बालुवा उत्खनन गरिरहेको अवस्थामा ज १ त ६०२९ नम्वरको टयाक्टरलाई नियन्त्रणमा लिएको छ ।
नियन्त्रणमा लिएका टयाक्टरलाई इलाका प्रहरी कार्यालय ढल्केवरमा ल्याएर आवश्यक अनुसन्धानको कार्य भइहेको प्रहरीले जनाएको छ ।

# परिवारका चेलीसँगको 'सम्बन्ध' मेटाउन हत्या



**मधेशदृष्टि**
**वीरगंज ।**
गाउँकै महिला तथा युवतीको निहुँमा बारामा पूर्व सशस्त्र प्रहरी जवानको हत्या भएको खुलेको छ ।
पचरौता नगरपालिका वडा नम्बर १ पिपरपातीका पूर्वसशस्त्र प्रहरी जवान ३३ वर्षीय अमरेश सिंहको असोज ८ गते बिहान टाउकोमा धारिलो हतियार प्रहार गरी हत्या भएको अवस्थामा शव नेपाल–भारतसीमा नजिकै फेला परेको थियो ।
अनुसन्धानक्रममा गाउँकै अन्य परिवारका युवतीसँग अवैध यौन सम्बन्धका कारण सिंहको हत्या भएको खुलेको बारा प्रहरीले आइतबार पत्रकार सम्मेलन गरी जानकारी दिएको छ । हत्यामा संलग्न तीन जनालाई घटनामा प्रयोग गरिएको हतियारसहित पक्राउ गरी प्रहरीले आइतबार सार्वजनिक गरेको छ । पचरौता नगरपालिका–१ का श्यामलाल महतो, उनका छोरा लाल महतो र अवधेशकुमार महतो पक्राउ परेका हुन् । मृतक सिंह सशस्त्र प्रहरीमा केही समय काम गरेर जागिर छाडेर गाउँमै रक्सी भट्टी सञ्चालन गर्दै आएका थिए । उनको भारत आउजाउ हुने गरेको थियो । मृतक सिंह युवतीको चक्करमा लाग्ने गरेको अनुसन्धानक्रममा खुलेको पत्रकार सम्मेलनमा बाराका प्रहरी उपरीक्षक सुरेश काफ्लेले बताए ।
सिंहको हत्या गरेको आरोपमा पक्राउ परेका श्यामलालको परिवारकै चेलीबेटीसित पनि अवैध सम्बन्ध भएको थाहा पाएर श्यामलालले आफ्ना छोरासित मिलेर सिंहको घाँटीमा धारिलो हतियार प्रहार गरी हत्या गरेको खुलेको काफ्लेले बताए । परिवारको इज्जत जोगाउन हत्या भएको तथा फिल्मी शैलीमै योजना बनाएर सिंहको हत्या गरिएको र शव मात्रै व्यवस्थापन गर्न अभियुक्तले नसकेको काफ्लेले जानकारी दिए ।
'सिंहले रक्सी भट्टी सञ्चालन गर्दै आएका थिए, अन्य महिला र केटीको चक्करमा लाग्ने मानिस पनि हुन् भनेर अनुसन्धानमा देखियो,' उनले भने, 'पक्राउ परेकाको चेलीबेटीसित अनैतिक यौन सम्बन्ध भएकाले सिंहको धारिलो हतियार प्रहार गरी हत्या भएको हो ।' सिंहको हत्यामा भारत पूर्वी चम्पारण मोतीहारी ग्राम पञ्चायत झझरा बस्ने राहुल कानु र उनलाई साहयोग गर्ने पचरौता नगरपालिका–१ कै श्यामलाल महतोका भाइ जागरित महतोको पनि संलग्नता देखिएको प्रहरी उपरीक्षक काफ्लेले बताए । उनीहरू दुवै फरार रहेको तथा खोजी भइरहेको उनले बताए । प्रहरीले सिंहको हत्यामा प्रयोग गरिएको एक थान धारिलो हतियार दाब, एक थान चक्कु र एउटा मोबाइलसमेत बरामद गरेको छ ।

## पत्नीसँग सम्बन्ध पतिसँग पार्टनरसीप तीन हत्यामा संलग्नता



**मधेशदृष्टि**
**बारा ।**
पत्नीकै योजनामा भारतीय नागरिक अजित कुमार सिंहको हत्या भएको पाइएको छ । असोज ९ गते पचरौता नगरपालिका–६ स्थित लक्ष्मिनियामा सिंहको गोली हानेर हत्या गरिएको थियो ।
सिंहको हत्याको मुख्य योजनाकार उनकै पत्नी सोनम सहनी रहेको प्रहरी उपरीक्षक सुरेश काफ्लेले बताए । हत्यामा संलग्न आरोपमा प्रहरीले २३ वर्षीय सोमनलाई पक्राउ गरेर आइतबार सार्वजनिक गरेको छ ।
अजितकी पत्नी सोनमकै योजनामा सुजितकुमार सिंहसमेतको संलग्नतामा उनको हत्या भएको प्रहरीले जनाएको छ । सुजित र सोनमबीच अवैध सम्बन्ध रहदै आएको प्रहरीसमक्ष सोनमले बताएकी छन् ।
विवाहपछि पनि सोनमसँग रहदै आएको अवैध सम्बन्ध र आर्थिक लेनदेनका कारण सुजितले अजितको हत्या गर्ने योजना बनाएको एसपी काफ्लेले जानकारी दिए । भारत, मोतिहारी माइती भएकी सोनम बाराको सिम्रौनगढ बस्दै आएकी थिइन् । घटना भएका दिन अजितले चलाएको मोटरसाइकलमा सुजित पछाडि बसेर आएका हुन् । लक्ष्मीनियामा आएपछि मोटरसाइकल रोक्न लगाएर सुजितले अजितलाई गोली प्रहार गरेका थिए ।
अर्को मोटरसाइकलमा आएका ३ युवकले घटनास्थल रेकी गरेका थिए । करिब ३ वर्षअघि भारतको घोडासनमा मृतक र आरोपित मिलेर सुन लुटपाट गरेका थिए । सुनको ८ लाख नगदबारे उनीहरू बीचमा विवाद भएको अनुसन्धानमा खुलेको छ ।
सुन बेचेर आएको रकम उनीहरुले भारतको छौडादानोमा जग्गा प्लटिङमा लगानी गरेका थिए । छौडादानोको जग्गाको हिस्साबारे विवाद हुँदा सुजितले मृतककी पत्नी सोनमसँग मिलेर हत्या गर्ने योजना बनाएको बाराका एसपी काफ्लेले जानकारी दिए ।
हत्यापछि सुजितले सिम्रौनगढस्थित डेरामा बस्ने सोनमलाई फोन गरेर काम भएको जानकारी दिँदै कोठाबाट भाग्न भनेका थिए । हत्यामा संलग्न सुटर सुजितसहित ४ जना फरार छन् । मृतक र सुटर एउटै समूहका हुन् । पैसाको विषयमा विवाद भएर समूहमा अजित अगाडि बढ्न खोजेपछि उनको हत्या गरिएको थाहा भएको छ । समूहले २०२२ मा भारतको मोतिहारी, दार्पा थानाग्राम पञ्चायत–१४ का उपप्रमुखको हत्या गरेको अनुसन्धानमा खुलेको छ ।
सुजितको समूहले बारामा एकवर्ष अघि एकजनाको हत्या गरेको पनि खुलेको छ । २०७९ पुस ८ मा भारतीय नागरिक ४४ वर्षीय शिवपुजन यादवलाई समूहले गढीमाई नगरपालिका–२ स्थित भुतही पुलमा हत्या गरेको प्रहरीको अनुसन्धानमा खुलेको हो ।

# महङ्गीविरुद्ध जनमतको प्रदर्शन





**मधेशदृष्टि**
**वीरगंज ।**
इन्धनलगायत दैनिक उपभोग्य वस्तुमा दिनहुँ भइरहेको मूल्यवृद्धिविरुद्ध वीरगंजमा जनमत पार्टीले प्रदर्शन गरेको छ । जनमत पार्टीका युवा, विद्यार्थी र महिला नेता कार्यकर्ताले घण्टाघर चोकमा नाराबाजीसहित विरोध प्रदर्शन गरेका हुन् ।
प्रदर्शनमा सहभागी जनमतका नेता कार्यकर्ताले मूल्यवृद्धि बन्द गर, जनताको डाढ सेक्न पाइँदैन, नेपाल सरकार खबरदारलगायतका नारा लगाएका थिए । प्रदर्शनपछि घण्टाघर चोकमै आयोजित कोणसभामा जनमत पर्साका संयोजक ओमप्रकाश सर्राफले पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार जनतामारा साबित भइरहेको बताए । आम सर्वसाधारण जनता र मजदुर काम नपाएर आम्दानी घटिरहँदा र युवाको रोजगारी खोसिँदै गएका बेला सरकारले दैनिक उपभोग्य वस्तुमा दिनहुँ मूल्यवृद्धि गरेर जनतामारा काम गरिरहेको उनले बताए ।
मूल्यवृद्धि तत्काल नरोकिए जनताको साथ लिएर जनमत पार्टी सडक आन्दोलनमा उत्रिने चेतावनीसमेत उनले दिए ।
प्रदर्शनमा सर्राफसँगै जनमत पार्टीका केन्द्रीय सदस्य सिपु तिवारी, पर्सा सहसंयोजक मुकेश द्विवेदी, युवा जनमत संघ पर्साका संयोजक राजुराज गिरी, विद्यार्थी जनमत संघ पर्साका संयोजक विवेक झा, युवा जनमत संघका वीरगंज महानगर संयोजक सन्जय सिंह, विशाल गुप्ता, पवन ठाकुर लगायतको सहभागिता थियो ।

# वैश्य विकासद्वारा नागरिक अभिनन्दन



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
वैश्य विकास मञ्च सीतामढीले असोज १ गते गोयन्का कलेजको कमन हलमा नागरिक अभिनन्दन कार्यक्रम गरेको छ । कार्यक्रमका वत्ताmहरुले वैश्य जातिको जनसंख्या २७ प्रतिशत भए पनि राजनीतिमा धेरै पछाडि परेको बताएका थिए । उनीहरुले राजनीतिमा सहभागिताका लागि सक्रिय हुन र एकजुट बन्न पनि जरुरी रहेको बताए ।
सुनिल कुमारको अध्यक्षतामा भएको अभिनन्दनमा बिहार सरकारका श्रममन्त्री समीरकुमार महासेठ, नेपालको मधेश प्रदेशकी मन्त्री सुरिता साह, विधान परिषद्का उपसभापति रामचन्द्र पुर्वे, विधायक बृजेन्द्र चौधरी, केदार गुप्ता, सञ्जय गुप्ता, राजेश गुप्ता, बिधान पार्षद रेखा गुप्ता, पूर्व विधायक पार्षद सुमन कुमार महासेठ, पूर्व विधायक राम जीवन प्रसाद, नेपालका गौरका मेयर शम्भु साह लगायतका प्रतिष्ठित व्यक्तिको उपस्थिति थियो ।

# फरार दुवै बालकैदी भारतबाट पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज–४ बिर्तामा रहेको बाल सुधार गृहबाट दुईदिन पहिले फरार दुई बालकैदीलाई प्रहरीले पक्राउ गरेको छ । शुक्रबार बिहान २ बजे सुधार गृहमा लगाइएको काँडेतार काटेर छतबाट हाम्फालेर फरार दुवैलाई सर्लाही र सिरहाको सीमा क्षेत्रको अलगअलग स्थानबाट पक्राउ गरिएको पर्साका प्रहरी उपरीक्षक कोमल शाहले जानकारी दिए ।
जिल्ला प्रहरी कार्यालय पर्साबाट प्रहरी निरीक्षक दावा शेर्पा र प्रहरी नायब निरीक्षक विनोद काफ्लेको नेतृत्वमा छुट्टाछुट्टै खटिएको प्रहरी टोलीले शनिबार राति एक जनालाई र अर्कोलाई आइतबार बिहान १० बजे पक्राउ गरेको शाहले बताए । एक जनालाई बिहारको सीतामढीबाट र अर्कोलाई बिहारकै मधुवनीबाट नियन्त्रणमा लिएको प्रहरी श्रोतले जनाएको छ । बाल सुधार गृहबाट शुक्रबार बिहान २ बजेतिर कर्तव्य ज्यान मुद्दाका अभियुक्त सर्लाहीका अमरकान्त ठाकुर र जबर्जस्ती करणी मुद्दाका सप्तरी घर भएका पाण्डव यादव फरार भएका थिए ।
प्रहरीका अनुसार शुक्रबार बिहान सुधारगृहबाट भागेका दुवै बालकैदी वीरगंजको मुख्य भन्सार नाका शंकराचार्य गेट अगाडिबाट भारतको रक्सौलतर्फ गएको दृश्य नाकामा जडान गरिएको सिसिटिभीमा रेकर्ड भएको थियो । उनीहरू शुक्रबार बिहान ५ बजेको समयमा सँगै एकआपसमा कुराकानी गर्दै खाली खुट्टा हिँडेर रक्सौलतर्फ गइरहेको अवस्थामा प्रहरीको सिसिटिभी क्यामेरामा देखिएपछि जिल्ला प्रहरी कार्यालय पर्साबाट प्रहरीको टोली उनीहरुलाई खोज्न भारत गएको थियो । १ सय २६ बालकैदी राखिएको बाल सुधार गृहमा भदौ २६ गते बालकैदीबीच विवाद भई झडप हुदाँ ३ प्रहरी र ११ बालकैदी घाइते भएका थिए ।

## मधेश डायरी

# एकसय वाकिटकी बरामद



**सप्तरीः**
छिन्नमस्ता गाउँपालिका–२ मोहनपुरबाट प्रहरीले आइतबार एक सय वाकिटकी बरामद गरेको छ ।
सशस्त्र प्रहरी बल नेपाल बिओपी छिन्नमस्ताबाट खटिएको टोलीले भारतबाट अवैध रूपमा ल्याउँदै गरेको एक सय पोर्टेबल वाकिटकी ह्यान्ड सेट बरामद गरेको हो । कार्टुनमा वाकिटकी बोकेर आउँदा गरेका व्यक्ति प्रहरीलाई देख्नासाथ सामान छोडेर फरार भएका थिए । वाकिटकी कुन प्रयोजनका लागि ल्याइएको हो भन्नेबारे खुल्न नसकेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ६ गण सप्तरीले जनाएको छ । बरामद वाकीटकीको मूल्य झन्डै आठ लाख रुपैयाँ बराबरको रहेको जनाइएको छ ।

# बस दुर्घटनामा दुईको मृत्यु

**सिरहाः**
सप्तरीबाट जनकपुरधाम आइरहेको बस सिरहामा दुर्घटनामा परेको छ ।
दुर्घटनामा दुईको मृत्यु भएको छ भने २५ यात्रु घाइते भएको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ ।
राजविराजबाट जनकपुरधाम आइरहेको ना ४ ख ७१८७ नम्बरको यात्रुबाहक बस स्प्रिङ पट्टा भाँचिदाँ मिर्चैयामा अनियन्त्रित भई दुर्घटनामा परेको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रहरी नायब उपरीक्षक जितेन्द्र बस्नेतले बताए ।
प्रहरी नायब उपरीक्षक बस्नेतका अनुसार, मिर्चैया नगरपालिका वडा नम्बर २ का ४० वर्षीय राजकुमार सदा र जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २० का ५२ वर्षीय अनिलकुमार झाको दुर्घटनामा मृत्यु भएको हो ।
बसमा सवार २५ यात्रु घाइते छन् । घाइतेमध्ये ३ जनाको अवस्था गम्भीर रहेको उनले बताए ।

# कार्यकर्ता भेला




**जनकपुरधामः**
नेपालका लागि नेपाली पार्टी धनुषाद्वारा जनकपुरधाममा जिल्ला अगुवा कार्यकर्ता भेला भएको छ । अध्यक्ष जीतनारायन साहको सभापतित्व एवम् चर्चित युवा सन्त श्रीनिवासन महाराजको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पार्टीका केन्द्रीय अध्यक्ष सन्तोषानन्द महाराज, उपाध्यक्ष पिंकी महासेठ, मधेश प्रदेश अध्यक्ष शत्रुधन साह, उपाध्यक्ष गौरीशंकर साह, सहसचिव श्रीगणेश शर्मा, प्रदेश सदस्य दिनेश महासेठ, सन्तोष साह, शिवानन्द साह, प्रेमा देवी ठाकुर, महोत्तरी अध्यक्ष उग्रानन्द झासहित सहभागीले शुभकामना व्यक्त गरेका थिए । जिल्ला उपाध्यक्ष बैजनाथ चौधरी, कोषाध्यक्ष रञ्जु झा मनोनितसहित जनकपुरधाम नगर अध्यक्षमा धीरज यादव, उपाध्यक्ष सरिता पासवान, कृष्णा यादव, विकास साह, सचिव राकेश शर्मा, सहसचिव सुनिल भण्डारी, कोषाध्यक्ष अमित यादव रहेको समिति बनाइएकोक छ ।

# दश बिचौलिया पक्राउ

**वीरगंजः**
यातायात कार्यालय नारायणी वीरगंजबाट सेवाग्रहीलाई दुःख दिने १० बिचौलियालाई प्रहरीले पक्राउ गरेको छ ।
आइतबरा बिहान सेवाग्राहीसँग काम गराइदिने बहानामा रकम ठग्दै हिँड्ने बिचौलियालाई वडा प्रहरी कार्यालय श्रीपुर र जिल्ला प्रहरी कार्यालय पर्साको संयुक्त टोलीले पक्राउ गरी हिरासतमा राखेको छ । उनीहरुको सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी कुमार विक्रम थापाले जानकारी दिए ।
बिचौलियाका कारण यातायात कार्यालयमा लामो समयदेखि सेवाग्रहीले सास्ती खेप्दै आएका छन् ।

# १८ गते सद्भाव र्‍याली

**सर्लाहीः**
मलंगवा क्षेत्रमा १० दिनदेखि जारी कर्फ्यु हटाइएको छ । प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवको अगुवाइमा बसेको सर्वपक्षीय बैठकले मलंगवा क्षेत्रमा लगाएको कर्फ्यु निष्क्रिय पार्ने निर्णय गरेको हो ।
बैठकले असोज १८ गते बृहत सद्भाव ¥याली निकाल्ने निर्णय गरेको छ । सद्भाव ¥यालीमा उपप्रधान एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठ सहभागी हुने यादवले जानकारी दिए । असोज ४ गते मूर्ति सेलाउने क्रममा दुई पक्षबीच झडप भएको थियो ।
झडपले उग्र रुप लिएपछि प्रशासनले सोही राति १० बजेबाट अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको थियो । स्थिति सुधार आएपछि प्रशासनले असोज ८ गते कर्फ्युको समय घटाएर राति ८ देखि बिहान ४ बजेसम्म तोकेको थियो ।

# गाँजा बिक्री आरोपमा महिला पक्राउ

**महोत्तरीः**
भंगहा नगरपालिकामा लागुऔषध गाँजा बिक्री गरेको आरोपमा महिला पक्राउ परेकी छन् । पक्राउ पर्नेमा भंगहा नगरपालिका–९ हरिनमरीकी २७ वर्षीया रीनाकुमारी देवी छन् ।
गोप्य सूचनाका आधारमा आइतबार बिहान साढे १० बजे उनको घरमा प्रहरीले चेकजाँच गर्दा २ सय ५० ग्राम गाँजा फेला परेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।
सीतापुर प्रहरी चौकीको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो ।

# प्याजसहित पिकअप बरामद

**बाराः**
जीतपुरसिमरा–१ पथलैया चोकमा प्रहरीको चेकिङ टोलीले वीरगंजबाट हेटौँडा जाँदै गरेको बा प्र ०१–०२५ च ९०७६ नम्बरको पिकअप गाडीमा प्याज बरामद गरेको छ । चेक जाँच गर्दा प्रज्ञापन पत्र नभएको र श्रोत खुलाउन नसकेको १ लाख ४४ हजार रुपैयाँबराबरको प्याजसहित पिकअप नियन्त्रणमा लिइएको हो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन